
# नेपालका संरक्षित क्षेत्रहरु





राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०७५

# नेपालका संरक्षित क्षेत्रहरु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं
२०७५

| | | |
|---|---|---|
| पुस्तक | : | नेपालका संरक्षित क्षेत्रहरू |
| प्रकाशक तथा वितरक | : | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>बबरमहल, काठमाडौं, नेपाल |
| प्रकाशन | : | २०७५ |
| © सर्वाधिकार | : | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>बबरमहल, काठमाडौं, नेपाल |
| प्रमुख सल्लाहकार | : | श्री मन बहादुर खड्का, महानिर्देशक |
| सल्लाहकारहरु | : | श्री गोपाल प्रकाश भट्टराई, उप-महानिर्देशक<br>श्री रामचन्द्र कँडेल, उप-महानिर्देशक |
| सम्पादन | : | श्री विष्णु प्रसाद श्रेष्ठ, संरक्षण शिक्षा अधिकृत<br>श्री भोजराज पन्थ, सहायक संरक्षण शिक्षा अधिकृत |
| नक्शा सहयोगी | : | श्री भोलानाथ ढकाल |
| मुद्रक | : | आकार प्रिन्ट लिङ्क सर्भिस प्रा. लि.<br>कालिकास्थान, काठमाडौं<br>फोन नं.: ४४२७८९९ |

# विषय-सूची


| क्र.सं. | | पृष्ठ नं. |
|---|---|---|
| क. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको परिचय | १ |
| ख. | विभागको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता तथा उद्देश्यहरु | २ |
| ग. | विभागको नीति तथा कार्यनीति | ३ |
| घ. | ऐन कानून तथा नीतिहरु | ६ |
| ङ. | विभागको महाशाखा तथा शाखाहरुको कार्य विवरण | ८ |
| च. | कार्यक्रम संचालनका आधारहरु | १५ |
| छ. | संरक्षित क्षेत्रहरूको महत्व | १७ |
| ज. | आर्थिक विकासमा संरक्षित क्षेत्रको भूमिका | १९ |
| झ. | संरक्षित क्षेत्र र जनसहभागिता | २१ |
| ञ. | संरक्षित क्षेत्र किन ? | २२ |
| ट. | संरक्षित क्षेत्रको नक्सा | २२ |
| | **नेपालका संरक्षित क्षेत्रहरु** | |
| | **राष्ट्रिय निकुञ्जहरु** | |
| | १. चितवन राष्ट्रिय निकुञ्ज | २४ |
| | २. बर्दिया राष्ट्रिय निकुञ्ज | २८ |
| | ३. सगरमाथा राष्ट्रिय निकुञ्ज | ३० |
| | ४. लामटाङ्ग राष्ट्रिय निकुञ्ज | ३२ |
| | ५. रारा राष्ट्रिय निकुञ्ज | ३४ |
| | ६. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | ३६ |
| | ७. खप्तड राष्ट्रिय निकुञ्ज | ३८ |
| | ८. मकालु वरुण राष्ट्रिय निकुञ्ज | ४० |
| | ९. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | ४२ |
| | १०. बाँके राष्ट्रिय निकुञ्ज | ४४ |
| | ११. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ४६ |
| | १२. पर्सा राष्ट्रिय निकुञ्ज | ४८ |

**वन्यजन्तु आरक्ष**

१. कोशीटप्पु वन्यजन्तु आरक्ष ५२

**शिकार आरक्ष**

१. ढोरपाटन शिकार आरक्ष ५६

**संरक्षण क्षेत्र**

१. अन्नपूर्ण संरक्षण क्षेत्र ६०

२. मनास्लु संरक्षण क्षेत्र ६२

३. कञ्चनजङ्घा संरक्षण क्षेत्र ६४

४. अपि नाम्पा संरक्षण क्षेत्र ६६

५. गौरीशंकर संरक्षण क्षेत्र ६८

६. कृष्णसार संरक्षण क्षेत्र ७०

**ठ. अनुसूचीहरू**

१. नेपालका संरक्षित क्षेत्रहरूको विवरण ७२

२. संरक्षित वन्यजन्तु ७८

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## परिचय

नेपाल प्राकृतिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण छ। यहाँको प्राकृतिक वातावरणमा पाइने वन्यजन्तु, वनस्पति र भू-दृश्यको साथै समग्र पारिस्थितिकीय प्रणालीलाई संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरी देशको समृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ वि.सं. २०३७ मा वन तथा भू-संरक्षण मन्त्रालय अन्तरगत एक छुट्टै विभागको रुपमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो ।

नेपालमा रहेका ११८ किसिमका पारिस्थितिकीय प्रणाली मध्ये हालसम्म ८० किसिमका पारिस्थितिकीय प्रणाली संरक्षित क्षेत्रभित्र पर्दछन् । यिनीहरुको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले हालसम्म १२ राष्ट्रिय निकुन्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापनका कार्यहरु सञ्चालन हुँदै आएका छन् । संरक्षित क्षेत्रहरुले नेपालको कूल भू-भागको २३.३९ प्रतिशत अर्थात् ३४,४१९.७५ वर्ग किलोमीटर क्षेत्र ओगटेको छ । यसरी उच्च हिमाली भू-भागदेखि तराईको समथर मैदानसम्म रहेका देशका मूख्य मूख्य पारिस्थितिकीय प्रणालीको संरक्षण तथा व्यवस्थापनका कार्यहरु भईरहेका छन् ।  नेपालको संरक्षण अभियान प्रजाति संरक्षणबाट सुरु भई पारिस्थितिकीय प्रणाली हुँदै हाल भू-परिधिस्तरको जनसहभागितामा आधारित भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संरक्षणको विशिष्ट पहिचान कायम गर्न सफल भएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को पाँचौं संशोधनले जैविक मार्गको संरक्षण र सम्वर्द्धन सम्बन्धी थप कानूनी व्यवस्थाले संरक्षण कार्यलाई संस्थागत बनाएको छ ।

संरक्षित क्षेत्रबाट स्थानीय बासिन्दाहरुलाई बढीभन्दा बढी लाभको समन्यायिक वितरण हुनु पर्दछ । स्थानीय बासिन्दालाई संरक्षणमा प्रभावकारी रुपले सहभागी गराउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को चौथो संशोधन मार्फत मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम लागू गरिएको छ। मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दालाई आवश्यक पर्ने वन पैदावारको नियमित आपूर्ति लगायत संरक्षित क्षेत्रले आर्जन गरेको आम्दानीको  ३० देखि ५० प्रतिशतसम्म प्राकृतिक श्रोतको संरक्षण, आय आर्जन, संरक्षण शिक्षा, सामुदायिक विकासको लागि समेत खर्च गरिदै आएको छ। यस कार्यक्रमबाट मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दा लाभान्वित भएका छन् ।

# विभागको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता तथा उद्देश्यहरु

## दूरदृष्टि (VISION)

नेपालमा रहेका प्रमुख पारिस्थितिकीय प्रणालीहरुको प्रतिनिधित्व हुने गरि सहभागितामुलक व्यवस्थापन मार्फत संरक्षित क्षेत्रहरुको दिगो संरक्षण गर्ने ।

## गन्तव्य (MISSION)

नेपालको प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापन मार्फत पर्या-पर्यटनको विकास गरी स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्दै राष्ट्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउनु ।

## मूल्य मान्यता (Core Values)

- जैविक-विविधताको दिगो संरक्षण
- धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन
- आमोद प्रमोद, साहसी पर्यटन, पर्यापर्यटनको प्रवर्द्धन
- अध्ययन तथा अनुसन्धान
- राजस्व आम्दानीमा योगदान
- रोजगारी सृजना
- स्थानीय समुदायको जीविकोपार्जनमा सुधार

## विभागको उद्देश्य

नेपालमा स्थानगत जैविक विविधता संरक्षण गर्ने प्रमुख उद्देश्यका साथ स्थापित विभाग र सो अन्तर्गतका संरक्षित क्षेत्रहरुको विशिष्ट उद्देश्यहरु:

- नेपालको विभिन्न भौगोलिक क्षेत्रमा रहेका पारिस्थितिकीय प्रणालीहरुको (Ecosystems) संरक्षण गर्नु ।
- सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु, वनस्पति (Fauna and Flora) लगायत जैविक विविधता संरक्षण गर्नु ।
- वन्यजन्तु, वनस्पति र तिनको बासस्थान संरक्षण एवं व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गर्नु ।
- अद्वितीय सौन्दर्यका भू-दृश्यहरु, सिमसार, हरियाली, पहाड, हिमाल, पदयात्रा र मनोरञ्जनको दृष्टिकोणले महत्वपूर्ण मानिएका क्षेत्रहरुको संरक्षण गर्नु ।
- संरक्षित क्षेत्रहरुभित्र र आसपासमा बसोबास गर्ने बासिन्दाहरु एवं समुदायहरुको धार्मिक स्थल, परम्परागत रितीरिवाज एवं सांस्कृतिको जर्गेना गर्न टेवा पुऱ्याउनु ।

- मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट स्थानीय बासिन्दाहरुको अर्थपूर्ण सहभागितामा संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन गर्नु ।

## विभागका नीति तथा कार्यनीतिहरु

### विभागका नीतिहरु

राज्यले अङ्गिकार गरेको प्राकृतिक वातावरण, वन्यजन्तु र वनस्पतिको संरक्षण, सदुपयोग र व्यवस्थापन गर्ने नीति नै यस विभागको नीतिगत मार्गदर्शन हो । अतः विभागले आफ्नो घोषित उद्देश्यहरु हासिल गर्न निम्न नीतिहरु लिएको छ :

१. राष्ट्रको पारिस्थितिकीय प्रणालीहरुको प्रतिनिधित्व हुने गरि जैविक विविधताको संरक्षणको लागि आवश्यकता अनुसार संरक्षित क्षेत्रहरुको घोषणा तथा बिस्तार गर्दै लैजाने ।

२. संरक्षित क्षेत्रहरुको जैविक विविधताको संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने ।

३. सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण प्रजातिको संरक्षणको लागि ती प्रजातिको बासस्थानको संरक्षण, सम्वर्द्धन र सुधार गर्ने ।

४. जैविक विविधताको निरन्तरता दिन र वन्यजन्तुको आवगमनलाई सहज गर्न जैविक तथा सम्पर्क मार्गहरु (Corridors and Connectivities) को पहिचान, संरक्षण र व्यवस्थापन गर्ने ।

५. पारिस्थितिकीय प्रक्रियाहरुलाई (Ecosystems Processes) व्यवस्थित गर्दै वातावरणीय सेवाहरु (Ecosystem Services) लाई मानव उपयोगी बनाउँदै लैजाने ।

६. अध्ययन, अनुसन्धानको माध्यमबाट जैविक विविधता र प्राकृतिक स्रोतहरुको दिगो उपयोगमा बढावा दिँदै संरक्षणमा जनसहभागिता अभिवृद्धि गर्दै लैजाने ।

७. जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, महासन्धिः CBD, CITES, RAMSAR, GTF, UNESCO/WHS, आदिको पक्षधर राष्ट्रको हैसियतले ती सन्धि र महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

८. गैर सरकारी संघ, संस्था तथा व्यक्तिहरुलाई वन्यजन्तुको दिगो संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी आय एवं रोजगारीका अवसरहरुको वृद्धि गर्न वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान गर्न दिने ।

९. नेपालको जैविक विविधता संरक्षणमा संरक्षण साझेदारहरुसँग सहकार्य गर्ने ।

## विभागका कार्यनीतिहरु

### क. संरक्षित क्षेत्रहरुको व्यवस्थापन गर्ने

१) संरक्षित क्षेत्रहरुको व्यवस्थापन योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।

२) संरक्षित क्षेत्रहरुको लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्नुपर्ने भएमा अध्ययन गरी संशोधनको लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने ।

३) जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी संरक्षित क्षेत्रहरुको विस्तार गर्ने कार्यमा जनसहभागिता जुटाउने सम्बन्धी कार्य गर्ने ।

४) व्यक्ति वा संस्थालाई वन्यजन्तु पालन, प्रजनन् तथा अनुसन्धान गर्न दिनेसम्बन्धी नीतिहरु कार्यान्वयन गर्ने ।

५) घरपालुवा हात्ती व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

६) शिकार अनुमति पत्रहरु दिने र शिकार सम्बन्धी अनुगमन गर्ने ।

७) सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका कार्यहरु र ती क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन कार्यमा सम्बद्ध निकायहरुसँग समन्वय, सहकार्य र अनुगमन गर्ने ।

८) संरक्षित क्षेत्रभित्र नियमानुसार सेवा सञ्चालन गर्न दिने र सो को व्यवस्थापन कार्यहरु गर्ने ।

९) मानव वन्यजन्तु द्वन्द न्यूनीकरण, घाइते तथा समस्याग्रस्त वन्यजन्तुको उद्धार सम्बन्धी कार्यहरु गर्ने ।

### ख. अध्ययन अनुसन्धान गर्न दिने

१) अनुसन्धान नीति तर्जूमा गरी स्वीकृत गराई कार्यान्वयन गर्ने र सो नीति अनुरुप अनुसन्धान अनुमति दिने ।

२) अनुसन्धान कार्यहरुको स्थलगत सुपरिवेक्षण गर्ने र दुर्लभ वन्यजन्तुको प्रजनन् केन्द्रहरुको सञ्चालन तथा अनुगमन गर्ने ।

३) वन्यजन्तुको तथ्याङ्क अद्यावधिक राख्ने ।

४) वन्यजन्तुको अनुगमन, स्थानान्तरण तथा गणना सम्बन्धी कार्यहरु गर्ने ।

५) नेपाल सरकारको निर्णयानुसार संरक्षण शिक्षा र अनुसन्धान प्रयोजनको लागि स्वदेश तथा विदेशका संघ संस्थाहरुलाई वन्यजन्तु दिने व्यवस्था मिलाउने ।

६) साइटिस लगायतका अन्य सन्धि, सम्झौताहरुको कार्यान्वयन गर्ने ।

## ग. संरक्षण शिक्षामार्फत जनचेतना अभिवृद्धि गर्ने

१) जैविक विविधता संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने सामग्रीहरु तयार गरी प्रकाशन तथा प्रचार प्रसार गर्ने ।

२) संरक्षण शिक्षा सम्बन्धी प्रदर्शन गरिने वस्तुहरुको उत्पादन गरी आवश्यकतानुसार प्रदर्शन गर्ने ।

३) विभागीय पुस्तकालयको विकास एवं सञ्चालन गर्दै यसमा विद्यार्थीहरुको पहुँच बढाउने ।

४) संरक्षण सम्बन्धी दिवस र समारोहहरु आयोजना गर्ने, चौमासिक संरक्षण समाचार प्रकाशन गरी वितरण गर्ने ।

५) संरक्षित क्षेत्रमा शैक्षिक एवं व्यापारिक प्रयोजनको लागि चलचित्र डकुमेन्ट्री छायाङ्कन गर्न अनुमति प्रदान गर्ने तथा अनुगमन गर्ने ।

## घ. वार्षिक योजना तर्जुमा र कार्यान्वयन गर्ने

१) विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक योजना तर्जुमा गोष्ठी गरी प्रस्तावित कार्यक्रम तयार गर्ने ।

२) संघ संस्था दातृ निकायहरुबाट जिल्लास्थित कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको विवरण लिने र दोहोरो नपर्ने गरी कार्यक्रम तयार गर्ने गराउने ।

३) बजेटको सीमा, विभागको लक्ष्य, आवधिक योजनामा उल्लेखित कार्यहरुलाई समावेश गरी विभाग र विभाग अन्तर्गतका कार्यालयहरुको बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिई वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने ।

४) प्रस्तावित बजेट तथा कार्यक्रम स्वीकृतको सिलसिलामा वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने छलफलमा महानिर्देशक, उपमहानिर्देशक, आर्थिक प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख र अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुखहरुलाई समेत सहभागी गराउने ।

५) स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धित कार्यालयहरुलाई यथाशीघ्र उपलब्ध गराउने व्यवस्था गर्ने ।

६) विभाग र अन्तरगत कार्यरत कर्मचारीहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरुको व्यवस्था तथा समन्वय गर्ने र आवश्यक कार्यशाला गोष्ठीहरु आयोजना र सञ्चालन गर्ने ।

७) सम्पन्न र सञ्चालनमा रहेका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरी उक्त कार्यक्रमको प्रभाव र असरका आधारमा आगामी वर्षको कार्यक्रम तय गर्न समन्वय गर्ने ।

### ङ. अनुगमन मूल्याङ्कन गर्ने

१) स्वीकृत योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने वार्षिक कार्य योजना तयार गर्ने ।

२) वार्षिक कार्य योजना अनुरुप कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गरी प्रगति विवरणहरु सम्बन्धित निकायहरुमा पठाउने ।

३) विभिन्न आयोजना र परियोजनासँग समन्वय गरी संरक्षण र विकास कार्यक्रम सञ्चालनको अनुगमन र मूल्याङ्कन गर्ने ।

४) वार्षिक कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको विवरण सहित वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन गर्ने ।

## ऐन कानून तथा नीतिहरु

### ऐन

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन, २०७३

### नियमावलीहरु

- हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१

## रणनीति, नीति तथा कार्यनीति

- वन अतिक्रमण रणनीति, २०६८
- वन क्षेत्र रणनीति, २०७२
- घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०
- वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०
- निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र गैह्र सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्वन गरिने कार्य प्रक्रिया, २०६०
- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५
- राष्ट्रिय सिमसार नीति, २०६९
- वन नीति, २०७१

## निर्देशिका

- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५)
- राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२
- यार्सागुम्बा व्यवस्थापन (संकलन तथा ओसार पसार) निर्देशिका, २०७३

## मापदण्ड

- मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन)मापदण्ड, २०६२

## दिग्दर्शन

- संरक्षित क्षेत्रको कार्यक्रम कार्यान्वयन दिग्दर्शन, २०७३

## कार्यविधि

- हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०६७
- संरक्षित क्षेत्र अनुसन्धान कार्यविधि, २०६९
- सगरमाथा राष्ट्रिय निकुञ्जभित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७०

- लामटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७०
- वन्यजन्तुको आखेटोपहर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२
- सुराकी परिचालन कार्यविधि, २०७२
- संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि, २०७३
- वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३

## सांगठनिक संरचना

विभागको स्वीकृत साँगठनिक संरचना (२०७१) अनुसार महानिर्देशक सहित २ वटा महाशाखाहरु र ९ वटा शाखाहरु रहेका छन् । यस विभाग अन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्रमध्ये ४ वटा संरक्षण क्षेत्र (अन्नपूर्ण संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, कञ्चनजङ्गघा संरक्षण क्षेत्र) मा सम्पर्क अधिकारीको कार्यालय रहेका छन् । यस विभाग र अन्तर्गत निकायहरुमा जम्मा निजामती कर्मचारीको दरबन्दी १९०९ रहेको छ ।

## विभागको महाशाखा तथा शाखाहरुको कार्य विवरण

विभागमा दुई वटा महाशाखाहरु योजना तथा व्यवस्थापन र अनुसन्धान तथा प्रचार प्रसार महाशाखा रहेका छन् । दुवै महाशाखाले महानिर्देशकको प्रत्यक्ष सुपरीवेक्षण र नियन्त्रणमा रही आफ्नो कार्य सम्पादन गर्दछन् । दुवै महाशाखाहरुमा एक-एक जना उप-महानिर्देशकले नेतृत्व गर्दछन् । प्रत्येक महाशाखामा तीन-तीन वटा शाखाहरु रहेका छन् ।

## योजना तथा व्यवस्थापन महाशाखाको कार्य विवरण

- विभाग तथा मातहत कार्यालयको योजना तर्जुमा, कार्यान्वयन,व्यवस्थापन योजना तयारी सम्बन्धी काम गर्ने ।
- प्रचलित ऐन/नियम नीतिको परिधिमा रहि राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रहरुमा संचालित योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी काम गर्ने ।
- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रहरुको विकास विस्तारको लागि सम्भाव्यता अध्ययन लगायत प्रस्तावहरु तयार गर्ने ।
- स्वीकृत व्यवस्थापन योजना कार्यान्वयनका लागि नीतिगत एवं कानूनी जटिलताको समाधानका लागि आवश्यक कार्य गर्ने ।

- विभाग र सो अन्तर्गतका संरक्षित क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- आफ्नो महाशाखा अन्तर्गत सम्बन्धित विषयमा हुने सभा, गोष्ठी, सेमिनारमा भाग लिन कर्मचारीलाई खटाउने ।
- कर्मचारीको कार्य विभाजन गरी कामको सुपरीवेक्षण, निर्देशन र नियन्त्रण तथा प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पादन मूल्याङ्कन, प्रोत्साहन पुरस्कार सम्बन्धी काम गर्ने ।
- महाशाखाको भौतिक साधनहरुको स्याहार संभार, मर्मत तथा सुरक्षा गर्ने व्यवस्था मिलाउने ।
- महाशाखा सम्बन्धी तथ्याङ्क तथा सूचनाहरु संकलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने ।

**यस महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण यस प्रकार रहेको छ :**

## योजना शाखा

- स्वीकृत राष्ट्रिय नीति, जैविक विविधता संरक्षणका कार्यक्रम अनुसार अनुगमन तथा मूल्याङ्कन शाखाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन समेतको आधारमा राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापनको लागि विभाग र अन्तर्गतका कार्यालयहरुको योजना तथा कार्यक्रमहरु तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।
- स्वीकृत योजनाहरुको कार्यान्वयनका लागि उपयुक्त प्रक्रिया र विधि तय गर्ने, सो पेश गरी स्वीकृति भए बमोजिम सम्बन्धित निकायहरुमा कार्यक्रम अख्तियारी तथा अन्य मार्गदर्शन पठाउने वा जानकारी गराउने ।
- योजना सम्बन्धी काममा राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय, वन तथा वातावण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबीचको सम्पर्क बिन्दुको रुपमा काम गर्ने ।
- तथ्याङ्क सङ्कलन, वर्गीकरण, अद्यावधिक तथा सूचनाहरु सार्वजनीकरण गर्ने ।
- स्वीकृत योजना र कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक जानकारी लिने ।
- विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालीमहरुको व्यवस्था गर्ने ।
- योजना तथा कार्यक्रमहरुसँग सम्बन्धित कार्यशाला गोष्ठीहरु आयोजना सञ्चालन गर्ने, भाग लिने ।

## व्यवस्थापन शाखा

- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुको व्यवस्थापन योजना तयार तथा स्वीकृत गर्न सहयोग पुऱ्याउने र कार्यान्वयन एंव अद्यावधिक गर्दै जाने ।
- जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुको विस्तार गर्ने ।
- घरपालुवा हात्ती व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- शिकार व्यवस्थापन गर्ने तथा अनुमति पत्र दिने र शिकारसम्बन्धी अनुगमन गर्ने ।
- संरक्षित क्षेत्रभित्र सेवा सञ्चालन तथा सो को व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।
- मध्यवर्ती क्षेत्रमा प्राप्त हुने राजश्व एकीन गरी सो को आधारमा कार्यक्रम तयार गरी गराई स्वीकृतिको लागि पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रहरुको व्यवस्थापन योजनाहरुको तर्जूमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने एवं अद्यावधिक गर्दै जाने ।
- मध्यवर्ती क्षेत्रको लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्नुपर्ने भएमा अध्ययन गरी संशोधनका लागि पेश गर्ने ।
- संरक्षित क्षेत्र भित्र सञ्चालन गरिने सेवाको लागि समयानुकूल राजश्व दरको निर्धारण गरी पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगति तयार गरी पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रमा सञ्चालित कार्यक्रमको व्यवस्थापकीय प्रभावकारिता अध्ययन गरी वार्षिक रुपमा समीक्षा गर्ने ।

## अनुगमन तथा मूल्याङ्कन शाखा

- विभाग र अन्तर्गतका कार्यालयहरुबाट सञ्चालित वार्षिक कार्यक्रम, योजना तथा आयोजनाहरुको लक्ष्य हासिल भएको नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।
- विभाग र अन्तर्गतका कार्यालयहरुको मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरु सङ्कलन र तयार गरी तालुक निकायमा पठाउने र सरोकारवालाहरुलाई जानकारी गराउने ।

- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने, अनुगमन प्रतिवेदनहरु अद्यावधिक गर्ने गराउने ।
- विभाग र अन्तर्गत कार्यालयका विकास निर्माण तथा अन्य विषयमा भएका विविध गतिविधिको प्रगति विवरण तयार एवं समीक्षा गर्ने ।
- संरक्षित क्षेत्रभित्र सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सो को उपलब्धी र प्रभावकारिताकोआधारमा आगामी वर्षको कार्यक्रम तयार गर्न योजना शाखालाई सहयोग र समन्वय गर्ने ।
- वार्षिक प्रगति प्रतिवेदन तयार पारी प्रकाशन गर्ने ।

## अनुसन्धान तथा प्रचारप्रसार महाशाखाको कार्य विवरण

- संरक्षित वन्यजन्तुको संरक्षण सम्वन्धी चुनौती, सीमापार संरक्षण, चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण र आखेटोपहार पहिचान र व्यवस्थापन तथा अध्ययन, अनुसन्धान गर्ने ।
- संरक्षण सम्बन्धी विद्युतीय तथ्याङ्क तथा सूचनाहरु सङ्कलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने, राख्न लगाउने ।
- संरक्षण सम्बन्धी तथ्याङ्क तथा सूचनाहरु संकलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने, राख्न लगाउने ।
- आफ्नो महाशाखा अन्तर्गत सम्बन्धित विषयमा हुने सभा, गोष्ठी, सेमिनारमा भाग लिन कर्मचारीलाई खटाउने ।
- कर्मचारीको कार्य विभाजन गरी कामको सुपरीवेक्षण, निर्देशन र नियन्त्रण तथा प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पादन मूल्याङ्कन, प्रोत्साहन पुरस्कार सम्बन्धी काम गर्ने ।
- महाशाखाको भौतिक साधनहरुको स्याहार संभार, मर्मत तथा सुरक्षा गर्ने व्यवस्था मिलाउने ।

**यस महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण यस प्रकार रहेको छ :**

### इकोलोजी शाखा

- अनुसन्धान नीति तर्जुमा गरी स्वीकृत गराउने र अनुसन्धान अनुमति सम्बन्धी कार्य गर्ने ।
- अनुसन्धान कार्यहरुको स्थलगत सुपरीवेक्षण, अनुगमन गर्ने ।
- वन्यजन्तुको तथ्याङ्क अद्यावधिक राख्ने, वन्यजन्तुको संरक्षणका नीतिहरु कार्यान्वयन गर्ने ।

- वन्यजन्तुको स्थानान्तरण, गणना सम्बन्धी कार्यहरु गर्ने ।
- प्रजाति संरक्षण तथा भू-परिधी कार्ययोजना सम्बन्धी कार्य गर्ने ।
- संरक्षण र अनुसन्धान प्रयोजनको लागि वन्यजन्तु स्वदेश तथा विदेशका संघ संस्थाहरुलाई नेपाल सरकारको निर्णयानुसार आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।
- संरक्षणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको कार्यान्वयन गर्ने ।
- सिमसार क्षेत्रहरुको व्यवस्थापनका कार्यहरु र तिनको व्यवस्थापन कार्यमा सम्वद्ध निकायहरुसँग समन्वय र अनुगमन गर्ने ।

## संरक्षण शिक्षा शाखा

- जैविक विविधता संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने सामग्रीहरु तयार गरी प्रकाशन र प्रसारण गर्ने ।
- संरक्षण सम्बन्धित दिवस र समारोहहरु आयोजना गर्ने, सञ्चालन गर्ने साथै विभागको चौमासिक संरक्षण समाचार प्रकाशन गरी वितरण गर्ने ।
- चलचित्र डकुमेन्ट्रि छायाङ्कन सम्बन्धी कानून बमोजिम अनुमति प्रदान गर्न आवश्यक सहजीकरण गर्ने ।
- संरक्षण शिक्षा सम्बन्धी जैविक विविधता पुस्तकालय व्यवस्थित गर्ने ।
- राष्ट्रिय तथा क्षेत्रीयस्तरका संरक्षण शिक्षा सूचना केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय गर्ने ।

## सूचना प्रविधि शाखा

- विभागको वेभसाइट सञ्चालन, शाखाहरुमा नेटवर्किङ व्यवस्थापन गर्ने ।
- विभागका लागि आवश्यक सफ्टवेयर तयार गर्ने, गराउने र शाखाहरुको महत्वपूर्ण तथ्याङ्कहरु व्यवस्थित ढंगले विद्युतीय माध्यमबाट अभिलेख गर्ने ।
- विभाग अन्तरगत कार्यालयहरुमा सूचना प्रणालीको विकास गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।
- विभाग र अन्तर्गतका कार्यालयहरुबाट प्राप्त सूचनाको आधारमा सूचना, तथ्याङ्क र कार्यक्रमहरू कम्प्युटरमा प्रवृष्टि गर्ने तथा तथ्याङ्क अद्यावधिक गर्ने ।
- शाखाहरुमा रहेका कम्प्युटरको सुरक्षा, मर्मत संभार र सञ्चालनका लागि आवश्यक सहयोग र समन्वय गर्ने ।

- विभागले खरीद गर्ने कम्प्युटर र उपकरणमा गुणस्तरको लागि सुझाव पेश गर्ने ।
- विभाग अन्तर्गतका कार्यालयका कर्मचारीका लागि आवश्यक कम्प्युटर तालीम प्रस्ताव एवं सञ्चालन गर्ने ।
- डिजिटल हाजिरी मेशिन सञ्चालन गरी साप्ताहिक विवरण महानिर्देशक समक्ष नियमित रुपमा पेश गर्ने ।
- सूचना प्रविधि सम्बन्धी अन्य कार्य गर्ने ।

## कर्मचारी प्रशासन शाखा

- कर्मचारीहरुको नियुक्ती, सरुवा, बढुवा, स्वदेश तथा विदेशमा तालीम, अध्ययन, अध्ययन भ्रमण आदिमा मनोनयनका साथै दण्ड पुरस्कार र विभागीय कारवाहीको शुरु कारवाही गर्ने ।
- विभाग र अन्तरगत कार्यालयहरुको आन्तरिक प्रशासन र कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- सार्वजनिक खरीद ऐन र नियमावली बमोजिम सार्वजनिक खरीद योजना तयार गर्ने, कार्यान्वयनको लागि निर्णय गर्ने, खरीद भएको जिन्सी सामानको दाखिला, भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार गर्ने, गराउने, लिलाम बिक्रीसम्बन्धी कार्य गर्ने ।
- विभागका शाखा प्रमुख, महाशाखा एवं विभागीय प्रमुखसँग प्रशासनिक विषयहरुमा आवश्यकता अनुरुप राय आदान प्रदान गर्ने ।
- जनगुनासो व्यवस्थापन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सतर्कता केन्द्रको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

## आर्थिक प्रशासन शाखा

- विभाग र अन्तर्गत कार्यालयहरुको लागि योजना शाखासँग समन्वय गरी बजेट तर्जुमा कार्यमा सहयोग गर्ने र स्वीकृत बजेट नियमानुसार निकासा दिने, खर्चको अभिलेख राख्ने ।
- विभाग र अन्तर्गत कार्यालयहरुको राजश्व र धरौटी समेतको केन्द्रीय आर्थिक विवरण तयार गरी तालुक निकायमा पठाउन पेश गर्ने ।
- सञ्चालित कार्यक्रम/आयोजनाहरुको चौमासिक र वार्षिक खर्चको फाँटवारी तयार गर्ने । आर्थिक सर्वेक्षण तथा बजेट तर्जुमा कार्यमा अन्य शाखालाई सहयोग गर्ने ।
- आर्थिक कारोबारमा माग भए बमोजिम राय पेश गर्ने ।

- आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण श्रेस्ता दुरुस्त राख्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने ।
- कर्मचारीले पाउने पारिश्रमिक (तलव, भत्ता, खाद्यान्न, पोशाक) लगायतका अन्य सुविधाहरु समयमै उपलव्ध गराउने ।
- विभाग र अन्तर्गत कार्यालयहरुको बेरुजुको अभिलेख अद्यावधिक गर्ने, गराउने ।
- लेखापरीक्षणबाट देखिन आएका बेरुजुहरु नियमानुसार फर्स्यौट गर्ने, गराउने ।

## वन्यजन्तु अपराध नियन्त्रण शाखा

- वन्यजन्तुको अपराध नियन्त्रणका लागि केन्द्रियस्तरमा सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- मातहतका कार्यालयहरुमा चोरी शिकार नियन्त्रण इकाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक राय सुझाव पेश गर्ने ।
- वन्यजन्तु चोरी शिकारमा संलग्न व्यक्तिहरुको अभिलेख तयार गर्ने ।
- विभाग र अन्तरगतका कार्यालयहरुमा वन्यजन्तु सम्बन्धी अपराधका विषयहरुमा अदालती कारबाहीमा रहेका विषयवस्तुसँग आवश्यक पर्ने जवाफ, प्रतिवेदन तयार गर्ने ।
- वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धमा केन्द्रियस्तरमा सञ्जाल गठन गर्ने कार्यमा आवश्यक सहयोग उपलव्ध गराउने ।
- वन्यजन्तु अपराध नियन्त्रण तथा तथ्याङ्क अद्यावधिक गर्ने सम्बन्धी कार्यको लागि वन तथा भू-संरक्षण विभाग र SAWEN सँग नियमित समन्वय गर्ने ।

## विभागसँग सम्बन्धित विभिन्न समितिहरु

- राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल
- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति
- वन्यजन्तु अपराध नियन्त्रण इकाई

## प्रमुख चुनौतीहरु

विभागले आफ्नो कार्य सम्पादन गर्दागर्दै पनि विभिन्न चुनौतिहरुको सामना गर्दै आइरहेको छ । प्रमुख चुनौतिहरु यस प्रकार छन् :

१. वन पैदावार र वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार ।

२. संरक्षित क्षेत्रको सिमानाभित्र बस्ती र जग्गा अतिक्रमण

३. कमजोर भौतिक संरचना र साधन स्रोतको अपर्याप्तता ।
४. कर्मचारीहरुमा व्यवसायिक कार्यकुशलताको कमी ।
५. विद्यमान कानूनको समय सापेक्ष संशोधनमा ढिलाई ।
६. मानव वन्यजन्तु बीचको द्वन्द ।
७. प्राकृतिक स्रोत माथिको बढ्दो मानवीय चाप ।
८. वातावरण मैत्री पूर्वाधार विकास हुन नसक्नु ।
९. विशिष्टकृत अदालतको व्यवस्था नहुनु ।
१०. घाइते, टुहुरा वन्यजन्तुको व्यवस्थापन गर्न कठिनाई ।
११. नदिजन्य निर्माण सामग्रीको अवैध प्रयोग तथा नीतिगत द्विविधा ।
१२. मिचाहा प्रजातिको व्यवस्थापन गर्न कठिनाई ।
१३. वन्यजन्तुको बासस्थान खुम्चनु, क्षयीकरण हुनु तथा संरक्षित क्षेत्र बिचमा जैविक मार्ग सहज नहुनु ।

## कार्यक्रम संचालनका आधारहरू

संरक्षित क्षेत्र प्रणालीको संरक्षण कार्यक्रम तर्जुमा गर्दा दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारुप २०७२, नेपाल जैविक विविधता रणनीति र कार्य योजना (Nepal Biodiversity Strategy and Action Plan, 2014-2020), वन नीति २०७१ र वन क्षेत्रको रणनीति २०७२ द्वारा प्रतिपादित सिद्धान्त तथा सरकारी आवधिक योजना अनुरूप गर्ने गरिएको छ। त्यस्तैगरी तराईका बाघ पाइने संरक्षित क्षेत्रलाई समेटी तराई भू-परिधीय रणनीति र कार्ययोजना (२०१५-२०२५) तथा चितवन राष्ट्रिय निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रको भू-परिधीय क्षेत्रलाई समेटी चितवन अन्नपूर्ण भू-परिधीय (CHAL) रणनीति र कार्ययोजना (२०१६-२०२५) नेपाल सरकारबाट स्वीकृत भै कार्यान्वयनमा आएका छन् ।

- संरक्षणसम्बन्धी कार्यमा संलग्न सरकारी, अर्धसरकारी, निजी, स्वदेशी तथा विदेशी संस्थाहरूसँग समन्वय गरी प्रकृति संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरिने छ ।
- संरक्षित क्षेत्रमा वैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन दिनुका साथै अनुसन्धानबाट प्राप्त परिणामहरूलाई व्यावहारिक रूपले व्यवस्थापन कार्यमा लगाइने छ ।
- संरक्षित क्षेत्र व्यवस्थापन कार्य सफल पार्न प्रचार प्रसारबाट जनचेतना जगाई जनसहभागिता बढाइने छ ।

- देशको सर्वोत्तममुखी आर्थिक सामाजिक विकास र जीवनोपयोगी प्रणाली (Life Support System) कायम राख्न संरक्षित क्षेत्रहरूको गहन महत्व बोध गराइने छ ।
- धार्मिक तथा सामाजिक परम्परालाई समेत ध्यानमा राखी संरक्षित क्षेत्रको व्यवस्थापन योजना बनाई दीगो संरक्षण तथा व्यवस्थापन गरिने छ ।
- प्राकृतिक स्रोतमा प्रतिकूल असर नहुने गरी पर्या-पर्यटनको विकास गर्दै लैजाने र पर्यटनसँग सम्बन्धित निकायहरूको सहयोगबाट वातावरणमा ह्रास आउन नदिने व्यवस्थापन विधि अपनाइने छ ।
- संरक्षित क्षेत्रभित्र वा मध्यवर्ती क्षेत्रमा विकास कार्यहरूलाई सक्दो सहयोग पुऱ्याइने छ तर वातावरण वा सांस्कृतिक मूल्यमा आघात पर्न जाने कार्य गर्न दिइने छैन ।
- राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष वरिपरीको क्षेत्रलाई मध्यवर्ती क्षेत्रको रूपमा घोषणा गरी स्थानीय जनसहभागितामा सोको व्यवस्थापन गरिने छ ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षले आर्जन गरेको ३० देखि ५० प्रतिशत राजश्व मध्यवर्ती क्षेत्रहरूको संरक्षण, व्यवस्थापन तथा स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्ने एकीकृत सामुदायिक विकास कार्यक्रमहरूमा परिचालन गरिनेछ ।
- राष्ट्रका पारिस्थितिकीय प्रणालीहरूको प्रतिनिधित्व हुने गरी जैविक विविधताको संरक्षणका लागि आवश्यकता अनुसार संरक्षित क्षेत्रहरूको स्थापना तथा विस्तार गर्दै लगिने छ ।

# संरक्षित क्षेत्रको महत्व

## प्रकृतिको संरक्षण

संरक्षित क्षेत्रको स्थापनाले वन्यजन्तु, वनस्पति र प्राकृतिक वन क्षेत्रको संरक्षण हुन्छ। यस्ता प्राकृतिक सम्पदाहरू भविष्यका सन्ततिहरूको नासोको रूपमा संरक्षण गरी जगेर्ना गरी राख्नु पर्छ। यिनलाई प्राकृतिकरूपमा बचाई राख्नु सभ्य समाजको पहिचान र हरेक नागरिकको जिम्मेवारी पनि हो । सो कार्य संरक्षित क्षेत्रको व्यवस्थापकीय भूमिकाबाट निर्वाह भइरहेको छ ।

## प्राकृतिक सन्तुलन

वन्यजन्तु र पंक्षीहरूले प्राकृतिक सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । प्राकृतिक सन्तुलन कायम हुन नसकेमा मानिस स्वयंकै उन्नति तथा प्रगतिमा प्रतिकूल असर पर्न जान्छ । जलवायू परिवर्तन न्यूनीकरण गर्न र प्राकृतिक प्रकोप रोक्नका लागि पनि संरक्षित क्षेत्रको ठूलो भूमिका रहेको छ ।

## मनोरञ्जन

संरक्षित क्षेत्रहरूको भ्रमणले स्वदेशी एवं विदेशी आगन्तुकहरूलाई अपूर्व ताजगी प्रदान गर्छ । उनीहरूको मनोरञ्जनका लागि मनमोहक वातावरण उपलब्ध हुन्छ । फोटो खिच्नेहरू र अवलोकनकर्ताहरूका निमित्त संरक्षित क्षेत्रहरू उच्चतम् आकर्षणका क्षेत्र हुन् ।

## अनुसन्धान

संरक्षित क्षेत्रहरूमा वन्यजन्तु, वनस्पति, प्राकृतिक वन क्षेत्र, हावापानी र भू-बनोट सुरक्षित रहने हुँदा वैज्ञानिक अध्ययनका साथै नयाँ ज्ञानहरू उपलब्ध हुने मौका प्राप्त हुन्छ। मानव जातिको कल्याणमा सहयोग पुऱ्याउने यस्ता गतिविधिका लागि निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुले अध्ययन अनुसन्धान कार्यमा समन्वय गर्दै आएका छन् ।

## राजस्व आम्दानी

संरक्षित क्षेत्रमा आउने आगन्तुकसँग लिइएको शुल्क तथा अन्य शीर्षकहरूबाट उठाइएको रकमबाट राजस्व वृद्धि हुन्छ । यस्ता पर्यटकबाट प्रत्यक्ष अप्रत्यक्षरूपले स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा पुगेको छ ।

## रोजगारी

संरक्षित क्षेत्रभित्र हुंदै आएका पर्यटन कार्यक्रम, विकास निर्माण कार्यबाट स्थानीयस्तरमा रोजगारीका अवसरहरु प्राप्त भएका छन् ।

## जीविकोपार्जनमा सुधार

निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको लागि संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालनबाट उनीहरुको जीविकोपार्जनमा सुधार ल्याउन सहयोग पुगेको छ । नेपाल सरकारबाट पनि यस्ता जीविकोपार्जनमा सहयोग पुऱ्याउने विभिन्न कार्यक्रम/आयोजनाहरू सञ्चालन हुँदै आएका छन् ।



# आर्थिक विकासमा संरक्षित क्षेत्रको भूमिका

दिगो आर्थिक विकास र वातावरण संरक्षण कार्यमा संरक्षित क्षेत्रहरूको भूमिका महत्वपूर्ण हुन आउँछ। वन्यजन्तु संरक्षण हुनु नै वन जंगलको संरक्षण हुनु पनि हो। वन जंगलको संरक्षणबाट प्राप्त हुने वातावरणीय सेवाहरूमा Carbon sequestration, hydrological function, eco-tourism र conservation का साथै landscape beauty आदि पर्दछन्।

संरक्षित क्षेत्रबाट कृषि भूमिको उत्पादकत्वमा वृद्धि, कृषि भूमिलाई आवश्यक मलजलको उपलब्धता, संरक्षण कार्यबाट बाढी पैह्रोको रोकथाम, जलाधार क्षेत्रहरूको संरक्षणले प्रत्येक वर्ष सम्भार कार्यमा हुने खर्च घट्न गई परोक्ष रूपले आर्थिक विकासमा टेवा पुगेको छ। प्रत्यक्षरूपले स्थानीय जनताले वर्षेनी घर तथा गोठ बनाउन चाहिने खर, खडाई, निगालो आदि संकलन गरेर आर्थिक लाभ उठाउन पाएका छन्। संरक्षित क्षेत्रमा विगत १५ वर्षको पर्यटक र राजश्वको तुलना गर्दा वर्षेनी पर्यटक तथा राजश्व बढ्दै गएको छ। साथै २०६९ सालमा वृद्धि गरिएको राजश्व दरबाट अझै राजश्वमा वृद्धि भएको छ। सोको विवरण तल तालिकामा दिएको छ।

प्राकृतिक सम्पदाको अवलोकन गर्न संसारका विभिन्न देशबाट आउने पर्यटकहरूबाट राष्ट्रलाई विदेशी मुद्रा आर्जन गर्न ठोस योगदान पुग्नुका साथै स्थानीय बासिन्दालाई रोजगारी समेत उपलब्ध भइरहेको छ।

राष्ट्रिय निकुञ्ज तथा आरक्षमा आम्दानी हुने राजस्वको ३०-५०% रकमबाट स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्ने एकीकृत सामुदायिक विकास कार्यक्रम संचालन हुने हुँदा यसबाट पनि आर्थिक विकासमा टेवा पुगेको छ। प्रत्यक्ष आर्थिक आर्जन विभिन्न सेवा संचालन जस्तै होटेल, लज संचालनबाट वर्षेनी अरबौं रुपैया आम्दानी भईरहेको छ। जसले देशको कूल ग्राहस्थ उत्पादनमा योगदान पुग्न गएको छ। नेपालमा आउने पर्यटकहरूको ६०% पर्यटकहरू संरक्षित क्षेत्रमै अवलोकन भ्रमणका लागि आउने गर्दछन्।

संरक्षित क्षेत्रहरू नेपालका अमूल्य सम्पत्ति हुन्। यी यस्ता क्षेत्र हुन्, जसको एक पटक क्षति भएमा फेरि यस्तै अवस्थामा ल्याउन सकिंदैन। यिनको संरक्षण र उपयोगबाट देश र जनताले कालान्तरसम्म प्रशस्त फाइदा पाउने भएकाले यिनलाई जोगाएर राख्ने कार्यमा अग्रसर हुनु अनिवार्य भएको छ।

## संरक्षित क्षेत्रबाट प्राप्त राजश्व विवरण:

| आ.व. | पर्यटक संख्या | राजश्व रकम |
|---|---|---|
| २०६७/०६८ | ४५५२३७ | २४,८५,०४,७९८।०० |
| २०६८/०६९ | ५०२०९२ | १८,६९,७४,६१७।१२ |
| २०६९/०७० | ५१०२०५ | ४७,१३,३८,२९३।०० |
| २०७०/०७१ | ५५८५७७ | ५३,०८,५२,३२८।९४ |
| २०७१/०७२ | ५१७०९५ | ५३,८७,०१,६०२।०२ |
| २०७२/०७३ | ३८९२२३ | ३५,०२,०३,४८६।८१ |
| २०७३/०७४ | ६०४०९१ | ५५,२७,३६,५०३।२८ |
| २०७४/०७५ | ६९९५५२ | ६४,७५,४९,१०५।८८ |



# संरक्षित क्षेत्र र जनसहभागिता

अनादि कालदेखि नै मानिस तथा वन्यजन्तुवीच घनिष्ट सम्बन्ध रहिआएको छ । वन्यजन्तुको संरक्षण प्रति चासो देखाउनु मानव जातिको समुन्नति प्रति चासो देखाउनु हो । मानिस, वन्यजन्तु तथा रुख विरुवाहरू सबैको जीवनचक्र घनिष्ट रूपले अन्तरसम्बन्धित रहेको हुन्छ। यी मध्ये एउटा कुनै जीवधारीको जीवनचक्रमा खलल पर्नासाथ अरुहरूको जीवन चक्रमा पनि प्रत्यक्ष अप्रत्यक्ष खलल पर्न थाल्छ। उदाहरणका लागि कुनै विरुवा अथवा वन्यजन्तुको प्रजाति लोप भयो भने तिनीहरुको श्रृङ्खलामा विनाशकारी प्रभाव पर्न जान्छ । यसबाट मानिसको अस्तित्व समेत खतरामा पर्न सक्दछ। वन्यजन्तु महत्वपूर्ण प्राकृतिक स्रोत हुन् अतः ति नभई हाम्रो जीवनचक्र चल्न सक्दैन। वातावरणलाई सन्तुलित राख्न वन्यजन्तुले ठूलो भूमिका खेल्दछन्। वातावरणमा ह्रास आएमा सर्वप्रथम मानिस नै प्रभावित हुन्छ।

नेपाल कृषि प्रधान देश भएकोले यहाँका अधिकांश जनताहरु कृषि पेशामा आधारित छन्। कृषि पेशाको लागि जमीन, घर पालुवा जनावर र वन क्षेत्रको अन्योन्याश्रित सम्बन्ध रहेको छ । वन पैदावारमा आधारित आवश्यकताहरुको अधिक दोहनले विगतमा जस्तो पर्याप्त काठ, दाउरा, घाँस उपलब्ध हुन सकिरहेको छैन । यसको दिगो व्यवस्थापन र उपयोगको लागि मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रमा संकलन र आफूखुसी वन क्षेत्रमा घरपालुवा जनावरहरूको चरीचरन, दाउरा, घाँसपात संकलन र आफूखुशी वन पैदावार उपभोग गर्न नियन्त्रण गर्न आवश्यक छ । स्थानीय वासिन्दाहरुको लागि वन पैदावारमा आधारित आवश्यकताको दीगोरुपमा परिपूर्ति हुने विकल्प खोज्नुपर्ने भएको छ।

यी यथार्थतालाई हृदयङ्गम गरी नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई चौथो पटक संशोधन गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष भित्रका बस्तीहरूलाई वा वरिपरीको क्षेत्रलाई मध्यवर्ती क्षेत्रको रुपमा छुट्याएको छ। साथै सो क्षेत्रमा स्थानीय बासिन्दाहरुकै सहभागितामा आवश्यक पर्ने वन पैदावारको आपूर्ति गर्न र जैविक विविधताको संरक्षणमा थप योगदान पुऱ्याउन निकुञ्ज/आरक्षले आर्जन गरेको राजस्व मध्ये ३० देखि ५० प्रतिशतसम्म मध्यवर्ती क्षेत्र व्यवस्थापनमा खर्च गर्न सक्ने व्यवस्था ऐनमा समावेश गरिएको छ। सो रकमबाट मध्यवर्ती क्षेत्रमा वनको विकास, संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गरी सुलभ रूपमा स्थानीय जनतालाई वन पैदावार उपलब्ध गराई संरक्षणमा प्रभावकारिता ल्याउने व्यवस्था गरिएको छ।


# संरक्षित क्षेत्र किन ?

वन जंगलको विनाश गर्नु प्राणी र वनस्पतिलाई हानि पुऱ्याउनु मात्र होइन, हाम्रो जीवनोपयोगी प्राकृतिक प्रणालीलाई नै खल्बल्याउनु पनि हो । सो हुन नदिन संरक्षित क्षेत्रले दुर्लभ वन्यजन्तु एवं वनस्पति संरक्षण गरी प्राकृतिक सुन्दरता बचाउने मात्र नभई जैविक विविधता, जलाधार क्षेत्रहरू र भू-दृश्यको समेत संरक्षण गर्दछ ।

नेपालमा संरक्षित क्षेत्रहरूको घोषणाले जैविक विविधता भू-दृश्य र धार्मिक एवं सांस्कृतिक हिसाबले महत्वपूर्ण क्षेत्रको उचित व्यवस्थापन गरेको छ । यी क्षेत्रहरू विभिन्न मुलुकका पर्यटकहरूका लागि महत्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा परिचित रहेका छन् । यसबाट मुलुकलाई प्रशस्त आर्थिक टेवा पुगेको छ ।

संरक्षित क्षेत्रहरू राष्ट्रिय महत्वका स्थलहरू मात्र नभई हाम्रो देशलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने प्रमुख निधिहरू पनि हुन् । यसको संरक्षणबाट हाम्रा भावि सन्ततीहरूलाई समेत प्रत्यक्ष फाइदा हुनेछ ।

## संरक्षित क्षेत्रहरूको नक्सा



# नेपालका संरक्षित क्षेत्रहरू

## राष्ट्रिय निकुञ्जहरू

# १. चितवन राष्ट्रिय निकुञ्ज

**स्थापना: २०३० साल (सन् १९७३)**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०३०।०६।०४**
**क्षेत्रफल: ९५२.६३ वर्ग कि.मि.**

**म. क्षे. घोषणा: २०५३ साल मंसिर १७ गते (सन् १९९६)**
**म. क्षे. क्षेत्रफल: ७२९.३७ वर्ग कि.मि.**

चितवन राष्ट्रिय निकुञ्ज, चितवन (७४%), मकवानपुर (७%), पर्सा (१५%) र पूर्वी नवलपरासी (४%) जिल्लाहरूका आंशिक भू-भागहरूमा फैलिएको यो नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो । स्थापना कालमा यसको क्षेत्रफल ९३२ वर्ग कि.मि. रहेकोमा २०७३।७।१ गतेको राजपत्रको सूचना अनुसार सीमाना हेरफेर भई ९५२.६३ वर्ग कि.मि. क्षेत्रफल कायम भएको छ। यस निकुञ्जले चुरे पहाड, राप्ती, नारायणी र रिउ नदीका मुख्य क्षेत्रहरूलाई समेटेको छ । यहाँ नदी तटीय वन, उष्ण र उपोष्ण प्रकृतिको वनहरू रहेका छन् । यस निकुञ्जमा वन ८४.६%, घाँसे मैदान ४.७%, बुट्यान ०.५% र अन्य १०.३% छ । निकुञ्जको करिब ७० प्रतिशत वन क्षेत्र सालको वन छ। यस निकुञ्जमा एक सिङ्गे गैंडा, पाटे बाघ, सोंस, गौरीगाई, अर्ना, काठे भालु, चितुवा, रतुवा, चित्तल, लगुना, जरायो, चौसिङ्गा, बाँदर र लंगुर लगायत ५७ भन्दा बढी किसिमका स्तनधारी वन्यजन्तु पाइन्छन् । सन् २००० मा यस राष्ट्रिय निकुञ्ज ५४४ भन्दा बढी एकसिङ्गे गैंडालाई संरक्षण दिन सक्षम भएको थियो । तर देशमा चलेको राजनीतिक द्वन्द्वका बेला उक्त संख्या घटेर सन् २००५ मा ३७२ वटामा झर्‍यो । संरक्षणको अथक प्रयासबाट सन् २०११ मा गैंडाको संख्या बढेर ५०३ पुगेको थियो । यहाँ सन् २०१५ मा यो संख्या बढेर ६०५ पुगेको छ । सन् २०१३ को बाघ गणना अनुसार १२० वटा वयस्क पाटे बाघ रहेकोमा सन् २०१८ को गणना अनुसार ९३ वटा वयस्क पाटे बाघहरु यस निकुञ्जमा रहेका छन् । त्यस्तै हालैको गणना अनुसार गौरीगाईको संख्या ३६८ रहेको छ । २०७३ सालमा कोशी-टप्पू वन्यजन्तु आरक्ष र सदर चिडियाखाना, जावलाखेलबाट १५ (३ वटा भाले र १२ वटा पोथी) वटा अर्ना स्थानान्तरण गरिएबाट यो निकुञ्ज अर्नाको लागि नेपालको दोश्रो बासस्थान समेत हुन गएको छ। स्थानान्तरण गरिएका अर्ना मध्ये ६ वटा अर्नाको मृत्यु भएको तथा ३ वटा पाडापाडीको जन्म समेत भएको छ। हाल चितवन राष्ट्रिय निकुञ्जमा (३ भाले + ९ पोथी) १२ वटा अर्ना रहेका छन्। २०७४ साल बैशाख महिनामा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट ७ (२ भाले + ५ पोथी) वटा बाह्रसिङ्गा यस निकुञ्जमा स्थानान्तरण गरिएको छ ।

अन्य वन्यजन्तुमा घडियाल गोही, मगर गोही, अजिङ्गर लगायत ४७ प्रजातिका सरिसृप तथा ९ प्रजातिका उभयचर, बसाई सरी आएका र रैथाने गरी ५४५ भन्दा

बढी प्रजातिका पंक्षी र २६ प्रजातिका माछाले यस निकुञ्जलाई अझ धनी बनाएको छ। यिनै प्राकृतिक महत्वका वस्तुहरूको संरक्षणलाई ध्यानमा राखी सन् १९८४ मा चितवन राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको छ।

वि.सं. २०५३ मा निकुञ्ज वरपरको ७५० वर्ग किलोमिटर क्षेत्रफल समेटेर मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो। २०७३।७।१ गतेको राजपत्रको सूचना अनुसार निकुञ्ज र मध्यवर्ती क्षेत्रको सीमाना हेरफेर भई मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७२९.३७ वर्ग कि.मि. कायम भएको छ। मध्यवर्ती क्षेत्रमा संरक्षण र विकासका विभिन्न गतिविधिहरू संचालन भइरहेका छन्।

मध्यवर्ती क्षेत्रमा पर्ने ३२ वर्ग कि.मी.मा फैलिएको बीसहजारी तथा आसपासका ताललाई सन् २००३।०८।१३ मा अन्तर्राष्ट्रिय महत्वको सिमसार (RAMSAR site) क्षेत्रको रुपमा सूचीकृत गरिएको छ। यस निकुञ्जले बाल्मीकि आश्रम र विक्रमबाबा जस्ता धार्मिक स्थलहरूको संरक्षण गरी स्थानीय धार्मिक परम्परालाई पनि जगेर्ना गरेर राखेको छ। स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउन प्रत्येक वर्ष एक हप्ताको लागि खर, ढड्डी आदि संकलन गर्नका लागि राष्ट्रिय निकुञ्ज खुला गरिन्छ। वर्षेनी हजारौंको संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू यस निकुञ्जको भ्रमणमा आउने हुँदा पर्या-पर्यटनबाट स्थानीय बासिन्दालाई रोजगारीको अवसर प्राप्त हुनुका साथै राजस्व संकलनमा समेत टेवा पुगेको छ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| संरक्षित स्तनधारी वन्यजन्तु | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नेपाली नाम** | **अंग्रेजी नाम** | **वैज्ञानिक नाम** |
| १ | सालक | Pangolin | *Manis crassicaudata* |
| २ | पुड्के खरायो | Hispid Hare | *Caprolagus hispidus* |
| ३ | गौरीगाई | Bison | *Bos gaurus* |
| ४ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ५ | एक सिङ्गे गैंडा | One Horned Rhino | *Rhinoceros unicornis* |
| ६ | सौँस | Dolphin | *Platanista gangetica* |
| ७ | पाटेबाघ | Royal Bengal Tiger | *Panthera tigris* |
| ८ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| ९ | चरी बाघ | Leapard Cat | *Prionailurus bengalensis* |
| १० | लिङसाङ | Spotted Linsang | *Prionodon pardicolar* |


| | | | |
|---|---|---|---|
| ११ | चौका | Four-Horned Antelope | *Tetracerus quadricornis* |
| १२ | अर्ना | Wild Water Buffalo | *Bubalus arnee* |
| १३ | बाह्रसिङ्गा | Swamp Deer | *Cervus duvauceli* |
| **संरक्षित पंक्षी** | | | |
| १. | कालो गरुड | Black Stork | *Ciconia nigra* |
| २. | सेतो गरुड | White Stork | *Ciconia ciconia* |
| ३. | सारस | Sarus Crane | *Grus antigone* |
| ४ | ठूलो खरमुजूर | Bengal Florican | *Houbaropsis bengalensis* |
| ५ | सानो खरमुजूर | Lesser Florican | *Syphoetides indica* |
| ६ | राज धनेश | Giant Hornbill | *Buceros bicornis* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | घडियाल गोही | Gharial Crocodile | *Gavialis gangetica* |
| ३. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |

यस निकुञ्जबाट अन्य संरक्षित क्षेत्रहरूमा स्थानान्तरण गरिएको गैंडाको संख्या

| **Rhino translocation from chitwan to other protected areas** | | | | | |
|---|---|---|---|---|---|
| **S.N.** | **Date** | **Bardia National park** | **Shuklaphata National Park** | **Total** | **Released site** |
| 1 | 1986 | 13 | - | 13 | Karnali flood plain/BNP |
| 2 | 1991 | 25 | - | 25 | Babai valley/BNP |
| 3 | 1999 | 4 | - | 4 | |
| 4 | 2000 | 16 | - | 16 | |
| 5 | 2001 | 5 | 4 | 9 | Babai valley/BNP and Shukalaphanta |
| 6 | 2002 | 10 | - | 10 | Babai valley/BNP |
| 7 | 2003 | 10 | - | 10 | Babai valley/BNP |
| 8 | 2016 | 5 | - | 5 | Babai valley/BNP |
| 9 | 2017 | 3 | 5 | 8 | Shuklaphanta/ Babai valley/BNP |
| | **Total** | **91** | **9** | **100** | |

यस निकुञ्जमा अन्य संरक्षित क्षेत्रबाट स्थानान्तरण ल्याइएका वन्यजन्तुको विवरण

| Translocated Wildlife from other protected areas to Chitwan National Park | | | | |
|---|---|---|---|---|
| **S.N.** | **Date** | **Name of species** | **Total Number** | **Released site** |
| 1 | 2017 | Arna (Bubalus arnee) | 15 (3 male+12 female) | Old Padampur |
| 2 | 2017 | Swamp Deer | 7 (2 male+5 female) | Old Padampur |
| | | **Total** | **22** | |



# २. बर्दिया राष्ट्रिय निकुञ्ज

**स्थापना: २०३२ साल (सन् १९७६)**
**राजपत्र अनुसार घोषणा विवरण: २०३२।११।२५ गते**
**शाही कर्णाली शिकार आरक्षको रुपमा,**
**२०४१।५।११ गते शाही बर्दिया वन्यजन्तु आरक्षको रुपमा,**
**२०४५।८।२० गते शाही बर्दिया राष्ट्रिय निकुञ्जको रुपमा**
**क्षेत्रफल: ९६८ वर्ग कि.मि.**

**म. क्षे. घोषणा: २०५३ साल मंसिर १७ गते (सन् १९९६)**
**म. क्षे. क्षेत्रफल: ५०७ वर्ग कि.मि.**


२०३२ सालमा शाही कर्णाली शिकार आरक्षको रुपमा स्थापना भएको यो निकुञ्ज २०४१ सालमा शाही बर्दिया वन्यजन्तु आरक्षको रूपमा र २०४५ मंसीर २० गते बबई पूर्वको क्षेत्रलाई समेटेर बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा घोषणा भयो। बर्दिया जिल्लाको कर्णाली र बबई नदीका केही भाग समेत समेटेको यो निकुञ्ज तराईका राष्ट्रिय निकुञ्जहरूमध्ये सबैभन्दा ठूलो हो । यस निकुञ्जको मध्यवर्ती क्षेत्र वि.सं. २०५३ मा घोषणा भएको थियो । शुरुमा ३२७ वर्ग किलोमिटर क्षेत्रफल समेटेर घोषणा भएको मध्यवर्ती क्षेत्र वि.सं. २०६७ सालमा बर्दिया राष्ट्रिय निकुञ्जको उत्तरतर्फको १८० वर्ग किलोमिटर थप गरी जम्मा ५०७ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्र कायम गरिएको छ ।

निकुञ्ज क्षेत्रको उत्तरतर्फ चुरे क्षेत्रमा सल्लाका जंगलहरू छन् । तराईको धेरैजसो भाग सालको जंगलले ढाकेको छ। साल जंगलको बीच बीचमा घाँसे मैदान रहेका छन्। यस निकुञ्जमा पाटे बाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जंगली हात्ती लगायत ५६ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन्। जलचरहरूमा घडियाल गोही, मगर गोही, सोंस र विभिन्न किसिमका माछा पाइन्छन्। सन् २०१३ को गणना अनुसार यस निकुञ्जमा ५० वटा बाघ रहेकामा सन् २०१८ को गणना अनुसार ८७ वटा वयस्क पाटे बाघ पुगेको छ। त्यस्तै सन् २०१५ को गणना अनुसार यस निकुञ्जमा २९ वटा एक सिङ्गे गैडा रहेका छन्। वि.सं. २०७२ साल माघ महिनामा ५ वटा (२ भाले, ३ पोथी) र २०७३ साल चैत्र महिनामा ३ वटा गैंडा चितवन राष्ट्रिय निकुञ्जबाट यस निकुञ्जमा स्थानान्तरण गरिएका थिए।

यस निकुञ्जमा हालसम्म रैथाने र बसाई सरी आउने ४३८ प्रजाति पंक्षीहरूको अभिलेख गरिएको छ। पर्या-पर्यटनको प्रचूर सम्भावना रहेकाले यहाँ वर्षेनी पर्यटकको संस्था बढिरहेको छ । वन्यजन्तुको लागि उपयुक्त बासस्थान एवं पारिस्थितिकीय विविधता, प्रजाति विविधता, अनुवांशिक विविधताको दृष्टिकोणबाट निकै धनी यस निकुञ्जले नेपालमा बाघको दोश्रो ठूलो संख्या संरक्षण गर्न सफल भएको छ ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis crassicaudata* |
| २ | पुड्के खरायो | Hispid Hare | *Caprolagus hispidus* |
| ३ | चौका | Four Horned Antelope | *Tetraceros quadricornis* |
| ४ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ५ | एक सिङ्गे गैंडा | One Horned Rhino | *Rhinoceros unicornis* |
| ६ | सोँस | Dolphin | *Platanista gangetica* |
| ७ | पाटेबाघ | Royal Bengal Tiger | *Panthera tigris* |
| ८ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| ९ | हुँडार/हड्डी बाघ | Hyaena | *Hyaena hyaena* |
| १० | बाह्रसिङ्गा | Swamp Deer | *Cervus duvauceli* |
| ११ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| **संरक्षित पंक्षी** | | | |
| १. | कालो गरुड | Black Stork | *Ciconia nigra* |
| २. | सेतो गरुड | White Stork | *Ciconia ciconia* |
| ३. | सारस | Sarus Crane | *Grus antigone* |
| ४ | राज धनेश | Giant Hornbill | *Buscerus bicornis* |
| ५ | ठूलो खरमुजूर | Bengal Florican | *Houbaropsis bengalensis* |
| ६ | सानो खरमुजूर | Lesser Florican | *Syphoetides indica* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | घडियाल गोही | Gharial Crocodile | *Gavialis gangetica* |
| ३. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# ३. सगरमाथा राष्ट्रिय निकुञ्ज

**स्थापना: २०३२ साल (सन् १९७६)** | **म. क्षे. घोषणा: २०५८ साल**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०३३।०४।०४** | **पौष १७ गते (सन् २००२)**
**क्षेत्रफल: १,१४८ वर्ग कि.मि.** | **म. क्षे. क्षेत्रफल: २७५ वर्ग कि.मि.**


सोलुखुम्बु जिल्लामा रहेको यो राष्ट्रिय निकुञ्ज विश्वको गौरव सर्वोच्च शिखर सगरमाथा (८८४८ मि.) लगायत ६,००० मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयू, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कु जस्ता हिमचुचुराहरूले यस निकुञ्जको गौरवलाई अझ बढाएका छन् । यहाँ स्थानीय बासिन्दा र पर्वतारोहीहरूले प्रयोग गर्दै आएका मुख्य चारवटा गोक्यो, खुम्बु, छुकुम र नाङ्पा उपत्यकाहरू रहेका छन् । यस निकुञ्जभित्रको गोक्यो र सम्वद्ध तालहरूलाई सन् २००७-९-२३ मा रामसार सूचीमा समावेश गरिएको छ ।

यो क्षेत्र उच्च हिमाली पारिस्थितिकीय प्रणालीमा रहेकोले यहाँ गोब्रे सल्ला, ठिंग्रे सल्ला, हेमलक, धुपी, भोजपत्र, गुराँस लगायतका वनस्पति पाइन्छन् । वसन्त ऋतुमा लालीगुराँसका फूलहरूले निकुञ्ज भित्रको जंगललाई अति मनोरम र सुन्दर बनाउँछन् । यस्तै कस्तुरी मृग, हिमाली कालो भालु, हिउँ चितुवा, थार, घोरल, झारल २५ प्रजातिका स्तनधारी वन्यजन्तु एवं डाँफे, चिलिमे, कालिज, हिम कुखुरा, लालचुच्चे काग (टुंगा) र पहेंलो चुच्चे काग (टेमु) लगायत ६५ भन्दा बढी प्रजातिका वनस्पति, ८ प्रजातिका सरिसृप, ७ वटा प्रजातिका उभयचर, ३० प्रजातिका पुतलीहरू पनि अभिलेखिकरण गरिएको छ ।

सगरमाथा राष्ट्रिय निकुञ्ज सांस्कृतिक महत्वको क्षेत्र पनि हो । यहाँका तेङ्बोचे, पाङ्बोचे तथा थामे गुम्बाहरूमा बौद्ध धर्मको शिक्षा-दीक्षा प्रदान गरिन्छ । मुख्यत: सगरमाथा हिमाल र यस क्षेत्रको मनोरम दृश्य हेर्न, पर्वतारोहण गर्न, शेर्पा संस्कृति तथा वन्यजन्तु अवलोकन गर्न यहाँ वर्षेनी हजारौं पर्यटकहरू आउने गर्दछन् । सन् १९७९ मा यस राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको छ । मध्यवर्ती क्षेत्रको घोषणाबाट निकुञ्जभित्र र वरपरका जनता प्रत्यक्षरूपमा लाभान्वित भएका छन् । पर्या-पर्यटनको विकासबाट यहाँका बासिन्दाहरूको आर्थिक विकासमा ठूलो टेवा पुगेको छ ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | जंगली याक | Wild Yak | *Bos mutus* |
| ५ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan Satyra* |



# ४. लामटाङ्ग राष्ट्रिय निकुञ्ज

**स्थापनाः २०३२ साल (सन् १९७६)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०३२।१२।०९**
**क्षेत्रफलः १,७१० वर्ग कि.मि.**

**म. क्षे. घोषणाः २०५५ साल वैशाख १४ गते (सन् १९९८)**
**म. क्षे. क्षेत्रफलः ४२० वर्ग कि.मि.**

यो राष्ट्रिय निकुञ्ज रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाका आंशिक भू-भागहरूमा फैलिएर उत्तरमा मित्रराष्ट्र चीनको सीमानासम्म पुगेको छ । लाङ्गटाङ लिरुङ (७,२४३ मि.) जस्ता हिमालहरूले यसलाई प्राकृतिक सुन्दरता प्रदान गरेका छन् । यस निकुञ्जबाट निस्केका नदीहरू पश्चिमतर्फ त्रिशूली र पूर्वतर्फ सुनकोशी बगेका छन् । यहाँ खोटेसल्ला, गोब्रे सल्ला, खस्रु, हेमलक, गुराँस गरी १,००० भन्दा बढी प्रजातिका वनस्पति पाइन्छन् । कोणधारी जंगलमा पाइने एकमात्र पतझड सल्ला (लाङ्गटाङ सल्ला) यस निकुञ्जको विशिष्ट प्राकृतिक सम्पदा हो ।


निकुञ्जमा चितुवा, हाब्रे (रेड पाण्डा), कस्तुरी मृग, हिमाली भालु, थार, घोरल, रातो बाँदर, लङ्गुर लगायत ४६ प्रजातिका स्तनधारी वन्यजन्तु अभिलेखीकरण भएका छन् । यस्तै ३१५ भन्दा बढी प्रजातिका पंक्षी, ११ प्रजातिका घस्रने र उभयचर ३० प्रजातिका माछा, १० प्रजातिका माकुरा र ५८ प्रजातिका पुतलीले यस निकुञ्जलाई जैविक विविधतामा अझ धनी बनाएको छ ।

यस निकुञ्जभित्र तिब्बती धर्मको “बोन पो” गुम्बा तथा सांस्कृतिक स्थलहरू छन् । पुण्यस्थल गोसाइँकुण्ड हिन्दू र बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल हो । गोसाइँकुण्ड र वरिपरीका तालहरूलाई सन् २००७ मा अन्तर्राष्ट्रिय महत्वको सिमसारको सूचीमा राखिएको छ ।

राजधानीबाट नजिक र सडकले जोडिएको भएर पनि दुर्गम क्षेत्रमा रहेको यो राष्ट्रिय निकुञ्ज पदयात्री पर्यटकहरूका लागि निकै लोकप्रिय रहेको छ । पर्या-पर्यटनको विकासबाट यहाँका स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा प्रत्यक्ष रूपमा टेवा पुगेको छ ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | आसामी / पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ५ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| ६ | सालक | Pangolin | *Manis pantadactyla* |
| ७ | हिमाली खैरो भालु | Himalayan Brown Bear | *Ursus arctos* |
| ८ | ध्वाँसे चितुवा | Clouded Leopard | *Pardofelis nebulosa* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan Satyra* |



# ५. रारा राष्ट्रिय निकुञ्ज

**स्थापनाः २०३२ साल (सन् १९७६)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०३४।०४।२४**
**क्षेत्रफलः १०६ वर्ग कि.मि.**


**म. क्षे. घोषणाः २०६३ साल असोज ९ गते (सन् २००६)**
**म. क्षे. क्षेत्रफलः १९८ वर्ग कि.मि.**

हिमाली क्षेत्रमा रहेको यस राष्ट्रिय निकुञ्जको अधिकतम भाग (९०%) मुगु र केही भाग (१०%)जुम्ला जिल्लामा फैलिएको छ । निकुञ्जको मुख्य आकर्षण मनोरम हिमाली काखमा हरिया वनजंगलले घेरिएको कञ्चन पानी सल्बलाउने रारा ताल नै हो । यस तालको क्षेत्रफल १०.६५ वर्ग कि.मी. छ । यस तालको लम्बाइ करिब ५ कि.मी., चौडाइ ३ कि.मी. र गहिराई १६७ मिटर छ । नेपालको सबभन्दा ठूलो तालको रूपमा रहेको रारा ताल सन् २००७ मा रामसार सूचीमा सूचीकृत हुनुले यसको अन्तर्राष्ट्रिय महत्वलाई समेत दर्शाउँछ। तालको दक्षिणतर्फ चुचेमारा टाकुरा (४,०८७ मि.), उत्तरतर्फ रुम काँध (३,७३१ मि.) र मालिका काँध (३,४४४ मि.) जस्ता चुचुराहरू पर्दछन् । यिनीहरूले रारा राष्ट्रिय निकुञ्जको मनोरम प्राकृतिक दृश्य एवं सुन्दरतालाई अझ प्रगाढ तुल्याएका छन् ।

यहाँ हिमाली कालो भालु, थार, हाब्रे, घोरल, रतुवा, कस्तुरी मृग, बँदेल लगायत ५१ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन् । यस निकुञ्जमा डाँफे, मोनाल सहित २७२ प्रजातिका पंक्षी पाइन्छन् । निकुञ्ज अन्तर्गत रारा ताल र वरिपरिको कोणधारी वन क्षेत्र स्थानीय र बसाई सरी आउने विभिन्न चराचुरुङ्गीहरूको उपयुक्त बासस्थान बन्न पुगेको छ । यहाँ नेपालका ७ मध्ये ३ प्रजातिका रैथाने असला माछा पाइन्छन् । हिमाली क्षेत्रमा अवस्थित रारा राष्ट्रिय निकुञ्ज पर्या-पर्यटनको प्रचूर सम्भावना रहेको क्षेत्र हो । सडक सञ्जालले छोएपछि यस क्षेत्रको पर्या-पर्यटन विकासमा सहजता आउने देखिन्छ ।

## यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis pantacdactyla* |
| २ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| ३ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ४ | आसामी/पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ५ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| ६ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ३. | चीर कालिज | Cheer Pheasant | *Catreus wallichii* |



# ६. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज


**स्थापना: २०४० साल (सन् १९८४)** **म. क्षे. घोषणा: २०५५ साल**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०४१।०४।२२** **कार्तिक २ गते (सन् १९९८)**
**क्षेत्रफल: ३,५५५ वर्ग कि.मि.** **म. क्षे. क्षेत्रफल: १३४९ वर्ग कि.मि.**

शे -फोक्सुण्डो नेपालको सवैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज हो । यो निकुञ्ज डोल्पा र मुगु जिल्लामा फैलिएको छ । नेपालको पश्चिमी दूर्गम हिमालपारीको क्षेत्रमा रहेको यस निकुञ्जमा तिब्बती वातावरणमा पाइने प्राकृतिक सम्पदा पाइन्छ । यहाँ तल्लो हिमाली क्षेत्रदेखि लिएर उच्च हिमाली र हिमालपारी क्षेत्रको तिब्बती भूमिसम्मको भू-धरातल भएकाले हिउँ चितुवा, तिब्बती खरायो, चिरु, तिब्बतीय गधा, नाउर लगायत हिमाली क्षेत्रमा पाइने वन्यजन्तु पाइन्छन् । यस निकुञ्जलाई डाँफे, मोनाल चीर कालिज लगायत २०० प्रजाति पंक्षी, ६ प्रजातिका सरिसृप र ३२ प्रजातिका पुतलीले जैविक विविधतामा अझ धनी बनाइएको छ । यहाँ पाइने हिउँ चितुवाको आहार-बिहारबारे वैज्ञानिक अनुसन्धानको नतिजाले यो निकुञ्ज हिउँ चितुवाका लागि सबैभन्दा उपयुक्त बासस्थान प्रमाणित भएको छ ।

यस निकुञ्जलाई कान्जिरोवा दक्षिण (६,८६६ मि.), सिकाल्पो खाङ (६,५५६ मि.), वेज चुचुरो (७,१३९ मि.) जस्ता हिमशिखर तथा कतिपय हिमनदी एवं हिमश्रृङ्खलाहरूले अनुपम प्राकृतिक सुन्दरता प्रदान गरेका छन् । निकुञ्जको लगभग मध्ये भागमा रहेको नेपालको सबैभन्दा गहिरो फोक्सुण्डो काललाई सन् २००७ मा रामसार क्षेत्रको रूपमा सूचीकृत गरिएको छ । ११औं शताब्दीमा निर्मित शे गुम्बाको वरिपरी नाउर र हिउँ चितुवाको राम्रो संरक्षण भएको छ । गुम्बामा तिब्बतीय बौद्ध धर्मको शिक्षा दिनुका साथै सांस्कृतिक आचरण तथा व्यवहार समेत सिकाइन्छ । यो राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचीमा राख्न सिफारिस गरिएको छ । निकुञ्जको आम्दानी नगण्य भएकाले मध्यवर्ती क्षेत्रका बासिन्दाहरूको चाहना अनुसारका सामुदायिक विकासका कार्यक्रमहरू संचालन गर्न सकिएको छैन ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | चिरु/अर्गली | Tibetan Antelope | *Pantholops hodgsoni* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | जंगली याक | Wild Yak | *Bos mutus* |
| ५ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ३. | चीर कालिज | Cheer Pheasant | *Catreus wallichii* |



# ७. खप्तड राष्ट्रिय निकुञ्ज

**स्थापनाः २०४२ साल (सन् १९८४)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०४३।०३।०९**
**क्षेत्रफलः २२५ वर्ग कि.मि.**


**म. क्षे. घोषणाः २०६३ साल कार्तिक १३ गते (सन् २००६)**
**म. क्षे. क्षेत्रफलः २१६ वर्ग कि.मि.**

बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको संगमस्थलमा अवस्थित यस राष्ट्रिय निकुञ्जले मध्य पहाडी वातावरण, वनस्पति र वन्यजन्तुको प्रतिनिधित्व गर्दछ। यहाँ सल्ला, खस्रु र निगालोका जंगलहरूका साथै वन्यजन्तुका लागि उपयुक्त घाँसे मैदान रहेका छन् । निकुञ्जमा कस्तुरी मृग, चरीबाघ र ब्वाँसो संरक्षित वन्यजन्तु र रतुवा मृग, घोरल, चितुवा, जंगली कुकुर, जंगली बिरालो, रातो बाँदर, लंगुर बाँदर लगायत २३ प्रजातिका वन्यजन्तु पाइन्छन् । यहाँ डाँफे, मुनाल, चीर कालिज लगायत २८७ प्रजातिका पंक्षीको अभिलेखीकरण भएको छ ।

यो राष्ट्रिय निकुञ्ज धार्मिक दृष्टिकोणले पनि निकै महत्वपूर्ण छ । त्रिवेणी, खप्तड दह, सहस्रलिङ्ग आदि स्थानहरू हिन्दू धर्मावलम्बीहरूका पावन तीर्थस्थल मानिन्छन् । यी स्थानहरूमा गंगा दशहरा, जनैपूर्णिमा जस्ता धार्मिक पर्वमा हजारौंको संख्यामा तीर्थयात्रीहरूले मेला भर्ने गर्दछन् । पर्या-पर्यटनको प्रचूर सम्भावना भएको यो क्षेत्र प्रचार प्रसार र अन्य भौतिक सेवा सुविधाको अभावमा पछाडि परेको छ। निकुञ्जको आम्दानी न्यून छ ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |



# ८. मकालु वरुण राष्ट्रिय निकुञ्ज

**स्थापनाः २०४८ साल (सन् १९९१)** **म. क्षे. घोषणाः २०५५ साल माघ २५ गते (सन् १९९९)**

**राजपत्रमा सूचना प्रकाशित मितिः २०४८।०८।०२**

**क्षेत्रफलः १,५०० वर्ग कि.मि.** **म. क्षे. क्षेत्रफलः ८३० वर्ग कि.मि.**


यो राष्ट्रिय निकुञ्ज समुद्री सतहबाट ४३५ मि. उँचाइदेखि ४० कि.मि. उत्तर दक्षिण दूरीभित्रै ८,४६३ मि. अग्लो विश्वको पाँचौं अग्लो हिमाल मकालु हिमशिखरसम्म फैलिएको छ। यसलाई वृहत् सगरमाथा पारिस्थितिकीय प्रणालीको एउटा महत्वपूर्ण अङ्ग मानिएको छ। यसको पश्चिममा सगरमाथा राष्ट्रिय निकुञ्ज र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको चोमोलोङ्मा प्रकृति संरक्षण क्षेत्र पर्दछन्। यो निकुञ्ज Sacred Himalaya Landscape जैविक मार्गको हिसाबले पूर्वमा कंचनजङ्घा संरक्षण क्षेत्र र गुराँसको राजधानी मानिने तीनजुरे मिल्के जलजले क्षेत्रसँग जोडिएको छ। अविश्वसनीय भिरालो भू-बनोट तथा पूर्वी हिमालयको भारी मनसूनी वर्षाले (१,००० देखि ४,००० मि.मि. प्रतिवर्ष) यो निकुञ्ज असाधारण जैविक विविधता तथा जडीबूटी र वनस्पतिहरूको भण्डारको रूपमा रहेको छ।

धरातलीय हिसाबले ४००० मि. भन्दा बढी उँचाइमा रहेका उच्च पहाडी खर्कमा धार्मिक दृष्टिले महत्वपूर्ण मानिने सुनपाते, सुगन्धित झारपातहरू तथा जंगली फूलहरू पाइन्छन्। उच्च पहाडी जंगलमा देवदार, भोजपत्र र लालीगुराँस तथा २,००० देखि ४,००० मि. उँचाइको समशीतोष्ण क्षेत्रमा निगालो, अर्खौलो, फिरफिरे र पूर्वेली चाँप पाइन्छन्। वन्यजन्तुहरूमा कस्तुरी मृग, हिमाली कालो भालु, हिउँ चितुवा, हाब्रे लगायत ४३१ प्रजातिका पंक्षी पाइन्छन्। उँचाइ र हावापानीको विविधताको संयोगले गर्दा यो निकुञ्ज विविध किसिमका वनस्पति र वन्यजन्तुको लागि धनी छ।

यस राष्ट्रिय निकुञ्जले भोटे, राई, शेर्पा लगायतका जातिहरूको सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षणमा पनि योगदान पुऱ्याएको छ। पर्या-पर्यटनको विकासको क्रममा रहेको यस निकुञ्जमा वर्षेनी पर्यटकको संख्या बढिरहेको छ। तथापि पर्याप्त आम्दानीको अभावमा मध्यवर्ती क्षेत्रका कार्यक्रमहरूको संचालन त्यति प्रभावकारी रुपमा हुन सकेको छैन।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | आसामी/पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ५ | ब्वांसो | Gray Wolf | *Canis lupus* |
| ६ | सालक | Pangolin | *Manis pantadactyla* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |



# ९. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज

**स्थापना: २०५८ साल (सन् २००२)**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०५८।११।०६**
**क्षेत्रफल: १५९ वर्ग कि.मि.**

**म.क्षे. घोषणा: २०७२ साल चैत्र १५ गते (सन् २०१६)**
**क्षेत्रफल: ११८.६१ वर्ग कि.मि.**

शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज नेपालको राजधानीसँग जोडिएको एक मात्र संरक्षित क्षेत्र हो। यो निकुञ्ज काठमाडौं, सिन्धुपाल्चोक, नुवाकोट र धादिङ्ग जिल्लाको आंशिक भू-भागमा फैलिएको छ। शिवपुरी जलाधार क्षेत्रको रूपमा सन् १९८९ मा स्थापित यसको क्षेत्रफल १४४ वर्ग कि.मि. थियो। सन् २००२ मा यसलाई शिवपुरी राष्ट्रिय निकुञ्ज नाम दिइयो भने वि.सं. २०६५ सालमा नागार्जुन क्षेत्रको १५ वर्ग कि.मि. क्षेत्रफल समेटेर १५९ वर्ग कि.मि. क्षेत्रफलको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज घोषित भएको छ।

नेपाल सरकारले २०७२ साल चैत्र १५ गते राजपत्रमा सूचना प्रकाशित गरी शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको वरिपरिको ११८.६१ वर्ग किलोमिटर क्षेत्रलाई समेटेर शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरेको छ।

यस निकुञ्जको उत्तर दक्षिण चौडाई सरदर ९ कि.मि. र पूर्व-पश्चिम लम्बाई सरदर २० कि.मि. रहेको छ। शिवपुरी शिखरको उचाई २,७३२ मिटर छ। उत्तरी ढलानको सीमाना समुद्र सतहबाट १,००० मिटर र दक्षिणी ढलानको सीमाना १,५०० मिटर उँचाईमा छ।

शिवपुरी क्षेत्र काठमाडौंको खानेपानी आपूर्तिको मुख्य स्रोत हो। यस क्षेत्रबाट प्रतिदिन करिब १० लाख घन लिटर पानी उपलब्ध हुन्छ। सुन्दरीजलमा संकलित पानीबाट जलविद्युत् पनि उत्पादन गरिएको छ। शिवपुरीको उत्तरी ढलानमा ठूला नदीनाला नभए पनि स-साना खोला खोल्सीहरू थुप्रै छन्। शिवपुरी क्षेत्रबाट बग्ने नदीनालाको पानी वरपरका गाउँलेहरूले सुक्खा मौसममा खेतीपाती गर्न पनि प्रयोग गर्दछन्।


शिवपुरीको सम्पूर्ण डाँडा उपोष्ण तथा शीतोष्ण क्षेत्रमा पर्दछ। यहाँको हावापानी, भू-बनोट, माटो तथा जैविक तत्वहरूले गर्दा प्राकृतिक वनको संरचनामा विविधता देखिन्छ। १,८०० मिटरभन्दा तलका दक्षिण मोहडा भएका डाँडाहरूमा खोटे सल्ला तथा चिलाउने कटुसको वन पाइन्छ। खोलाका किनार र खोंचमा मुख्य रूपमा उत्तिस प्रजाति पाइन्छ। माथिल्लो भेगमा खस्रु, बाँझ र गुराँसका मिश्रित वन रहेका छन्।

यहाँ ३१८ प्रजातिका पंक्षी, २३ प्रजातिका स्तनधारी, १०२ प्रजातिका पुतली र १२९ प्रजातिका च्याउ पाइन्छन्। यो निकुञ्ज दूर्लभ वन्यजन्तु ध्वाँसे चितुवा, कालो भालु, चितुवा, रतुवा, बँदेल, जङ्गली बिरालो, लङ्गुर लगायत वन्यजन्तु पाइन्छन्।

यस निकुञ्ज अन्तर्गत हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूका महत्वपूर्ण धार्मिक स्थलहरू रहेका छन् । बागद्वार, जामाचो, विष्णुद्वार, तारेभिर, नागी गुम्बा आदि प्रमुख तीर्थस्थल हुन् । नववर्षको प्रारम्भमा उपत्यका तथा वरपरका श्रद्धालुहरू बागमती तथा विष्णुमतीको उद्‌गमस्थल बागद्वार र विष्णुपादुकामा आई स्नान तथा पूजाआजा गर्दछन् । शिवपुरीको उत्तरी भेगबाट उच्च हिमालको भव्य दृश्य तथा दक्षिण ढलानबाट काठमाडौं उपत्यका देख्न सकिन्छ । हेलम्बु जाने प्रमुख गोरेटो बाटो यस निकुञ्ज क्षेत्रभित्र पर्ने सुन्दरीजल, चिसापानी हुँदै जान्छ ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| संरक्षित स्तनधारी वन्यजन्तु | | | |
| १ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| २ | ध्वाँसे चितुवा | Clouded Leopard | *Pardofelis nebulosa* |
| ३ | आसामी/पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ४ | सालक | Chinese Pangolin<br>Indian Pangolin | *Manis pantadactyla*<br>*Manis crassicaudata* |



# १०. बाँके राष्ट्रिय निकुञ्ज


**स्थापना: २०६७ साल (सन् २०१०)** | **म. क्षे. घोषणा: २०६७ साल**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०६७।०३।२८** | **आषाढ २८ गते (सन् २०१०)**
**क्षेत्रफल: ५५० वर्ग कि.मि.** | **म. क्षे. क्षेत्रफल: ३४३ वर्ग कि.मि.**

नेपाल सरकारले बाघ संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धता अनुरूप बाघको बासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले २०६७ आषाढ २८ गते बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्ग कि.मि. क्षेत्र समेटी नेपालको दशौं राष्ट्रिय निकुञ्जको रूपमा बाँके राष्ट्रिय निकुञ्जको घोषणा गरेको छ । यस निकुञ्जको पूर्वी सीमाना शिवखोला, पश्चिम कोहलपुर सुर्खेत राजमार्ग, उत्तर चुरे पर्वत र दक्षिण पूर्व-पश्चिम राजमार्ग रहेको छ । भारतको सहेलवा क्षेत्रसँग समेत जोडिएको हुँदा यस राष्ट्रिय निकुञ्जको अन्तर्राष्ट्रिय महत्व छ ।

निकुञ्जभित्र वन्यजन्तु आवत/जावतमा अप्ठेरो पर्ने महादेवपुरी bottle-neck क्षेत्र पनि पर्दछ । यो निकुञ्ज २०० Eco-region क्षेत्र मध्ये Terai duar grassland क्षेत्रको एउटा भाग पनि हो । यहाँ जैविक विविधताको दृष्टिले ८ वटा पारिस्थितिकीय प्रणाली, १२४ वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारीहरू, ३०० भन्दा बढी प्रजातिका पंक्षी, ५८ प्रजातिका माछाहरू, २२ प्रजातिका सरीसृप तथा ६ प्रजातिका उभयचरहरू पाइन्छन् । यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा संकटापन्न स्तनधारीहरू र ५० प्रजातिका अन्तर्राष्ट्रियस्तरमै दुर्लभ मानिएका पंक्षीहरु अभिलेख गरिएका छन् । यो निकुञ्ज पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको हुँदा ठूला वन्यजन्तुको लागि एकदमै महत्वपूर्ण बासस्थानको रुपमा रहेको छ । सन् २०१८ को गणना अनुसार यस निकुञ्जमा २१ वटा पाटे बाघ रहेका छन् ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis crassicaudata* |
| २ | हुँडार /हंड्डी बाघ | Hyaena | *Hyaena hyaena* |
| ३ | चौका/चौसिङ्गा | Four-Horned Antelope | *Tetracerus quadricornis* |
| ४ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ५ | पाटेबाघ | Royal Bengal Tiger | *Panthera tigris* |
| **संरक्षित पंक्षी** | | | |
| १. | कालो गरुड | Black Stork | *Ciconia nigra* |
| २. | राजधनेश | Giant Hornbill | *Buceros bicornis* |
| **संरक्षित घस्रने वज्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# ११. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज

**स्थापना: २०३१ साल (सन् १९७६)**
**राजपत्रमा अनुसार घोषणा विवरण:**
**२०३३।०४।०४ आरक्षको रुपमा,**
**२०७३।११।९ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको रुपमा**
**क्षेत्रफल: ३०५ वर्ग कि.मि.**

**म. क्षे. घोषणा: २०६१ साल**
**जेष्ठ ९ गते (सन् २००४)**
**म. क्षे. क्षेत्रफल: २४३.५ वर्ग कि.मि.**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कञ्चनपुर जिल्लाको १५५ वर्ग कि.मि. क्षेत्रलाई समेटेर शुक्लाफाँटा वन्यजन्तु आरक्षको रुपमा वि.सं. २०३१ सम्ममा स्थापना भएको हो । यसको घोषणा २०३३।०४।०४ गतेको राजपत्रमा सूचना प्रकाशित गरी गरिएको हो । २०५१।०२।०९ गतेको राजपत्रको सूचना अनुसार शुक्लाफाँटा वन्यजन्तु आरक्षको क्षेत्र विस्तार गरी ३०५ वर्ग कि.मि कायम गरिएको थियो । २०७३।११।०९ गतेको राजपत्रको सूचना अनुसार शुक्लाफाँटा वन्यजन्तु आरक्षलाई शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको रुपमा नामाकरण गरिएको छ ।

यो राष्ट्रिय निकुञ्ज कञ्चनपुर जिल्लाको नेपाल-भारत सीमानाको दक्षिण पश्चिम अवस्थित छ । महाकाली नदीको पुरानो बहाव क्षेत्र भएको कारण विकसित हुन आएका फाँटाहरू, धाप र सिमसार यस राष्ट्रिय निकुञ्जको प्रमुख विशेषता हो ।


यो राष्ट्रिय निकुञ्ज बाह्रसिंङ्गेको लागि प्रसिद्ध छ । सन् २०१४ मा यस निकुञ्जमा २,३०१ वटा बाह्रसिंङ्गे गणना गरिएको थियो । यो निकुञ्ज जंगली हात्तीका लागि पनि उत्तिकै प्रख्यात छ । यहाँ करिब २०-२५ वटा जंगली हात्ती रहेका छन् । सन् २०१३ को गणना अनुसार यस निकुञ्जमा पाटे बाघको संख्या १७ वटा रहेकोमा सन् २०१८ को गणना अनुसार १६ वटा रहेको छ । जंगली हात्ती, पाटेबाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडगधा, बाह्रसिंङ्गे, जरायो, चित्तल, लगुना जस्ता ५३ भन्दा बढी प्रजातिका स्तनधारी जनावर यस निकुञ्जका प्रमुख वन्यजन्तु हुन् । सन् २०१७ को गणना अनुसार यस निकुञ्जमा १६ वटा एकसिङ्गे गैडा रहेका छन् । त्यस्तै रानी ताल तथा अन्य स-साना तालहरूमा मगर गोहीहरू प्रशस्त पाइन्छन् ।

निकुञ्जको ५२% भूभाग सालको वन, १०% भूभाग सिमसार, ३०% भूभाग घाँसे मैदान, १६% भूभाग नदी तटीय वन र २% मिश्रित वनले ढाकिएको छ । सारस, खरमुजुर, सिमतित्रा, विश्वमै दुर्लभ मानिएको लेसर भुँडीफोर गरी ४२४ भन्दा बढी प्रजातिका पंक्षी पाइन्छन् ।

वन्यजन्तु अवलोकनका लागि यो निकुञ्ज स्वर्ग मानिन्छ । मध्यवर्ती क्षेत्रमा सहभागितामूलक संरक्षण, विकास र आयआर्जनका विभिन्न कार्यक्रमहरू संचालनमा रहेका छन् । निकुञ्जभित्र रहेको बस्ती स्थानान्तरण गर्दाको जग्गा समस्या समाधान नहुनु र  अत्यधिक चरीचरण हुनु यस निकुञ्जको प्रमुख समस्याहरू हुन् ।

यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis crassicaudata* |
| २ | पुड्के खरायो | Hispid Hare | *Caprolagus hispidus* |
| ३ | एक सिङ्गे गैंडा | One Horned Rhino | *Rhinoceros unicornis* |
| ४ | चरी बाघ | Leopard Cat | *Felis benalensis* |
| ५ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ६ | पाटेबाघ | Royal Bengal Tiger | *Panthera tigris* |
| ७ | बाह्रसिङ्गा | Swamp Deer | *Cervus duvauceli* |
| ८ | पुड्के बँदेल | Pigmy Hog | *Sus salvanius* |
| ९ | कृष्णसार | Blackbuck | *Antilope cervicarpa* |
| **संरक्षित पंक्षी** | | | |
| १. | कालो गरुड | Black Stork | *Ciconia nigra* |
| २. | राजधनेश | Giant Hornbill | *Buceros bicornis* |
| ३. | ठूलो खरमुजूर | Bengal Florican | *Houbaropsis bengalensis* |
| ४. | सानो खरमुजूर | Lesser Florican | *Sypheotides indica* |
| ५. | सेतो गरुड | White Stork | *Ciconia ciconia* |
| ६. | सारस | Sarus Crane | *Grus antigone* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# १२. पर्सा राष्ट्रिय निकुञ्ज

**स्थापना: २०४० साल (सन् १९८४)**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०४१।०२।०८**
**पर्सा वन्यजन्तु आरक्षको रुपमा**
**पर्सा राष्ट्रिय निकुञ्जको रुपमा नामाकरण**
**क्षेत्रफल: ६२७.३९ वर्ग कि.मि.**

**म. क्षे. घोषणा: २०६२ साल**
**आषाढ १३ गते (सन् २००५)**
**म.क्षे. क्षेत्रफल: २८५.३० वर्ग कि.मि.**

पर्सा राष्ट्रिय निकुञ्ज वि.सं. २०४० सालमा पर्सा वन्यजन्तु आरक्षको रुपमा स्थापना भएको हो। २०७४।३।१९ गतेको राजपत्रको सूचना अनुसार पर्सा वन्यजन्तु आरक्षलाई पर्सा राष्ट्रिय निकुञ्जको रुपमा नामाकरण गरिएको छ। यो निकुञ्ज चितवन, मकवानपुर, बारा र पर्सा जिल्लाका केही भू-भागहरूमा फैलिएको छ। यो निकुञ्ज चितवन राष्ट्रिय निकुञ्जको पूर्वपट्टिको सीमानासँगै जोडिएको निकुञ्ज हो। यस निकुञ्जको क्षेत्रफल स्थापनाको समयमा ४९९ वर्ग कि.मि. रहेकोमा २०७२ साल भाद्र ७ गतेको राजपत्रको सूचना अनुसार क्षेत्र विस्तार गरी ६२७.३९ वर्ग कि.मि. क्षेत्रफल कायम गरिएको हो।


यसको सबैजसो भू-भागहरु ५०० देखि ९५० मिटरसम्म अग्लो चुरे पर्वतले ढाकेको छ। यो भावर प्रदेश भएको कारण भौगोलिक बनौट छुट्टै प्रकारको छ। यहाँका नदीनाला सुख्खा देखिन्छन् भने पानी सतह मुनिबाट बग्दछ। चुरेको उच्च भागमा रानी सल्लाका रूखहरू पाइए तापनि ९० प्रतिशत भू-भाग सालको जंगलले ढाकेको छ। राप्ती नदीको छेउछाउमा नदि तटीय वनमा सिसौ र खयरका रूखहरू पाइन्छन्।

केही दशक अगाडिसम्म यो क्षेत्रलाई प्रख्यात चारकोशे झाडी क्षेत्र भनिन्थ्यो र यसलाई प्रमुख शिकार स्थलको रूपमा लिइन्थ्यो। यहाँका प्रमुख वन्यजन्तु जंगली हात्ती, पाटेबाघ, चितुवा, जरायो, नीलगाई, बँदेल, गौरीगाई आदि हुन्।

निकुञ्ज घोषणाको अभिप्राय पुरानो चारकोशे जंगलको प्रतिनिधित्व गर्ने वन र वन्यजन्तुको संरक्षण गर्नु हो। वन पैदावार (ढुङ्गा, गिट्टी, बालुवा) को बढ्दो माग र क्रसर उद्योगहरूको विस्तारले गर्दा निकुञ्जको जैविक विविधता संरक्षणमा समस्या सृजना भएको छ। निकुञ्जभित्रको रामभोरी भाटा बस्ती स्थानान्तरण भएपछि सो क्षेत्रमा गैंडाको विचरण देखिन थालेको छ। सन् २०१३ को गणना अनुसार यस निकुञ्जमा ७ वटा पाटे बाघ रहेकोमा सन् २०१८ को गणना अनुसार बाघको संख्या वृद्धि भई १८ वटा पुगेको छ। सन् २०१५ को गणना अनुसार यस निकुञ्जमा ३ वटा एकसिङ्गे गैडा रहेका छन्।

## यस निकुञ्जमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis pentadactyla* |
| २ | हुंडार/हंड्डी बाघ | Hyaena | *Hyaena hyaena* |
| ३ | चौँसिङ्गा | Four Horned Antelope | *Tetracerus quadricornis* |
| ४ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ५ | पाटेबाघ | Royal Bengal Tiger | *Panthera tigris* |
| ६ | गौरीगाई | Bison | *Bos gaurus* |
| ७ | एक सिङ्गे गैंडा | One Horned Rhino | *Rhinoceros unicornis* |
| **संरक्षित पंक्षी** | | | |
| १. | राजधनेश | Giant Hornbill | *Buceros bicornis* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| ३. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# वन्यजन्तु आरक्ष

# १. कोशी–टप्पू वन्यजन्तु आरक्ष

**स्थापना: २०३२ साल (सन् १९७६)** | **म. क्षे. घोषणा: २०६१ साल**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०३६।११।१३** | **भाद्र १४ गते (सन् २००४)**
**क्षेत्रफल: १७५ वर्ग कि.मि** | **म. क्षे. क्षेत्रफल: १७३ वर्ग कि.मि.**

यो आरक्ष सुनसरी र  सप्तरी जिल्लामा सप्तकोशी नदीले बनाएको टापूमा अवस्थित छ । आरक्ष घोषणाको मुख्य उद्देश्य नेपालमा अति दुर्लभ मानिएको अर्ना (जङ्गली भैंसी) को संरक्षण गरी अर्नाको संख्या वृद्धि गराउनु हो ।


यो आरक्ष नदीको बालुवाबाट बनेको टप्पू भएकोले यहाँ प्रायः नदि तटीय सिसौ र खयरको जंगल पाइन्छ। सन् २०१६ को गणना अनुसार अर्नाको संख्या ४३२ रहेकोमा सन् २०१८ को गणना अनुसार अर्नाको संख्या ४४१ पुगेको छ। यो आरक्ष पंक्षीहरूको मुख्य बासस्थानका रूपमा रहेको छ। यहाँ हाँसका विभिन्न जातहरू, दुई किसिमका लालसर र धेरै किसिमका बकुल्ला, गरुड (Stork), सारस र अन्य पानी चराहरू समेत गरी करिब ४९० प्रजातिका पंक्षीहरू पाइन्छन्। यिनै कारणबाट यस आरक्षलाई सन् १९८७/१२/१७ तारिखमा रामसार सूचीमा समावेश गरिएको छ। यस आरक्षलाई उत्तरमा चतरा क्षेत्र र कोशी नदी तथा उदयपुर जिल्लाको त्रिजुगा क्षेत्रमा विस्तार गर्न सकेमा पूर्वाञ्चल क्षेत्रको एउटा महत्वपूर्ण संरक्षित क्षेत्रको रुपमा विकास गर्न सक्ने देखिन्छ ।

यो आरक्षले कोशी नदीको तराई क्षेत्रको अधिकांश भूभाग समेट्ने भएकोले यहाँ जलचरहरूमा घडियाल गोही, मगरगोही, सोंस (Dolphin) र विभिन्न प्रजातिका माछाहरू (जलकपुर) र पंक्षीहरु अवलोकनको लागि यो प्रमुख गन्तव्य हो ।

यहाँ पर्यटनको माध्यमबाट स्थानीय समुदायमा रोजगारीका अवसरहरू सृजना भई जीविकोपार्जनमा टेवा पुगेको छ। आरक्षको आम्दानीबाट प्राप्त हुने बजेटबाट मध्यवर्ती क्षेत्रमा संरक्षण, विकास तथा आयआर्जनका कार्यक्रमहरू संचालन भएका छन् ।

यस आरक्षमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | सालक | Pangolin | *Manis crassicaudata* |
| २ | हुँडार /हंड्डी बाघ | Hyaena | *Hyaena hyaena* |
| ३ | अर्ना | Wild Water Buffalo | *Babulus arnee* |
| ४ | जंगली हात्ती | Asian Elephant | *Elephas maximus* |
| ५ | सोँस | Dolphin | *Platanista gangetica* |
| **संरक्षित पंक्षी** | | | |
| १. | कालो गरुड | Black Stork | *Ciconia nigra* |
| २. | सेतो गरुड | White Stork | *Ciconia ciconia* |
| ३. | ठूलो खरमयुर | Bengal Florican | *Houbaropsis bengalensis* |
| ४. | सानो खरमुजूर | Lesser Florican | *Sypheotides indica* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | घडियाल गोही | Gharial crocodile | *Gavialis gangetica* |
| ३. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# शिकार आरम्भ

# १. ढोरपाटन शिकार आरक्ष

**स्थापना: २०४४ साल (सन् १९८७)**

**राजपत्रमा सूचना प्रकाशित मिति: २०४४।०१।१४**

**क्षेत्रफल: १,३२५ वर्ग कि.मि.**

ढोरपाटन शिकार आरक्ष नेपालको एकमात्र शिकार गर्न पाइने संरक्षित क्षेत्र हो। यो शिकार आरक्ष रुकुम, बाग्लुङ्ग र म्याग्दी जिल्लाको आंशिक भू-भागमा फैलिएको छ।


नाउर, झारल, थार र हिमाली भालु यस शिकार आरक्षमा पाईने वन्यजन्तु हुन्। यहाँ दूर्लभ एवं संरक्षित पंक्षीको सूचीमा परेका डाँफे, मुनाल, चीर कालिज लगायत १६४ प्रजातिका पंक्षीहरु पाइन्छन्।

शिकारलाई व्यवस्थित गर्न आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ र घुस्तुङ ७ ब्लकहरु विभाजन गरिएको छ । यहाँ लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा तोकिएको नाउर, झारलको शिकार गर्न पाइन्छ। विदेशी शिकारीहरुका लागि अनुमति लिएर शिकार गर्न यो आरक्ष एक प्रमुख गन्तव्यकै रुपमा रहेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले समय समयमा शिकार गरिने मुख्य वन्यजन्तु नाउर र झारलको गणना तथा अनुगमन गरी वार्षिक कोटा निर्धारण गरी प्रतिस्पर्धाको आधारमा शिकार गराउने गरेको छ। यसरी शिकार गर्न दिइँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन। त्यस्तै जनावरको संख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पुर्‍याउने वा स्थानीय वालीनालीलाई अत्यधिक क्षति पुर्‍याउने परिस्थिति पनि उत्पन्न हुँदैन।

यस शिकार आरक्षमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाव्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| ५ | लिंक्स / फ्याकु विरालो | Lynx | *Felis lynx* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ३. | चीर कालिज | Cheer Pheasant | *Catreus wallichii* |



# संरक्षण क्षेत्रहरू

# १. अन्नपूर्ण संरक्षण क्षेत्र

**स्थापना: २०४९ साल (सन् १९९२)**

**राजपत्रमा सूचना प्रकाशित मिति: २०४९।०४।०५**

**क्षेत्रफल: ७,६२९ वर्ग कि.मि.**

यो संरक्षण क्षेत्र कास्की, लमजुङ, म्याग्दी, मुस्ताङ र मनाङ जिल्लामा फैलिएको छ । नेपाल सरकारले २०४९ साल श्रावण ५ गते राजपत्रमा सूचना प्रकाशित गरी यस संरक्षण क्षेत्रको घोषणा गरेको हो । अन्नपूर्ण संरक्षण क्षेत्र नेपालको सबैभन्दा ठूलो (७६२९ वर्ग कि.मि.) संरक्षण क्षेत्र हो । यसको व्यवस्थापन स्थानीय जनताको सहयोग लिई राष्ट्रिय प्रकृति संरक्षण कोषबाट गरिंदै आएको छ ।


यसका मुख्य विशेषताहरूमा माछापुच्छ्रे र अन्नपूर्ण हिमाल, धौलागिरी, मनाङ र मुस्ताङ उपत्यकाहरू, गुरुङ र थकाली संस्कृतिहरू, विश्वमै प्राकृतिक दृश्यको आधारमा उत्कृष्ट मानिएको अन्नपूर्ण पदमार्ग (ट्रेकिङ्ग रुट) आदि हुन् । यस संरक्षण क्षेत्रले नेपालका पहाडी तथा हिमाली क्षेत्रमा पैदल यात्रा गर्न आउने विदेशी यात्रुहरू सामु अविस्मरणीय सुन्दर प्राकृतिक भू-दृश्यहरू यस संरक्षण क्षेत्रको विशेषता हो ।

अन्नपूर्ण संरक्षण क्षेत्रमा २९ किसिमका पारिस्थितिकीय प्रणालीहरु र २२ प्रकारका वनहरु पाइन्छन् । वनको रुख प्रजातिका चिलाउने, कटुस, उत्तिस, गोब्रेसल्ला र भोजपत्र हुन् । यहाँ संरक्षित लगायत १०५ प्रजातिका स्तनधारी वन्यजन्तु छन् । यहाँ ४८८ प्रजातिका पंक्षी, २० प्रजातिका माछा, २३ प्रजातिका उभयचर, ४० प्रजातिका सरिसृप, वनस्पतिमा (एकदलीय १९७ प्रजाति, द्विदलीय ९३८ प्रजाति), १५ प्रजातिका अपुस्पक, ८३ प्रजातिका उन्यु/निउरो, अभिलेख गरिएका छन् । गुराँस प्रजाति ९ र सुनगाभा/चादिगाभा ३८ प्रजाति छन् । अन्नपूर्ण संरक्षण क्षेत्र क्याङ्गा, तिब्वती गजेला, तिब्बती अर्गाली, पलास बिरालो, तिब्बती ब्वाँसो, स्टेपीपोल बिरालोको राम्रो बासस्थान हो । यहाँ मुक्तिनाथ र दामोदर कुण्ड प्रख्यात धार्मिक स्थल तथा सांस्कृतिक धरोहर लोमानथाङ यहि छन् ।

नेपालको प्रमुख ट्रेकिङ्गस्थलको रूपमा यस क्षेत्रको विकासले स्थानीयस्तरमा रोजगारी सृजना भई वैदेशिक मुद्रा आर्जनबाट जीविकोपार्जनमा ठूलो टेवा पुगेको छ । समुदायमा आधारित संरक्षण क्षेत्रको अवधारणा अनुरुप एकीकृत संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरू संचालन गरी संरक्षणमा जनसहभागिता जुटाउने कार्यको नमूनाको रूपमा यस संरक्षण क्षेत्रलाई लिन सकिन्छ । पछिल्लो समयमा यातायातको विकास सँगसँगै वन्यजन्तुको संरक्षण चुनौतीपूर्ण हुँदै गएको तथा वन पैदावार र जलविद्युतको अत्यधिक मागका कारण संरक्षणमा समस्या पनि देखिन थालेको छ ।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाव्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| ५ | लिंक्स / फ्याक् विरालो | Lynx | *Felis lynx* |
| ६ | हिमाली खैरो भालु | Himalayan Brown Bear | *Ursus arctos* |
| ७ | नायन / अर्गली | Great Tibetan Sheep | *Ovis ammon* |
| ८ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ३. | चीर कालिज | Cheer Pheasant | *Catreus wallichii* |



## २. मनास्लु संरक्षण क्षेत्र

**स्थापना: २०५५ साल (सन् १९९८)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०५५।०९।१३**
**क्षेत्रफल: १,६६३ वर्ग कि.मि.**

गोरखा जिल्लामा रहेको यो संरक्षण क्षेत्र उत्तरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमाना, पश्चिममा अन्नपूर्ण संरक्षण क्षेत्रको सीमानासम्म फैलिएको छ। यस क्षेत्रको उँचाइ ६०० मि. देखि संसारको आठौं अग्लो चुचुरो मनास्लु (८,१६३ मि.) सम्म फैलिएको छ।


यस संरक्षण क्षेत्रमा हिउँ चितुवा, कस्तुरी मृग, नाउर, झारलका साथै करिब ११० प्रजातिका पंक्षी, ३ प्रजातिका सर्प र २०० भन्दा बढी प्रजातिका हिमाली वनस्पतिहरू पाइन्छन्।

यो क्षेत्र सन् १९९१ पछि मात्र विदेशीहरुका लागि खुला गरिएको हो। गोरखा सदरमुकामबाट बुढीगण्डकी नदीको तीरैतीर लार्के भञ्ज्याङ (५१०६ मी.) नाघेर करिब १० दिनको पदयात्रापछि यस क्षेत्रमा पुग्न सकिन्छ। नेपाल सरकारले २० वर्षका लागि मनास्लु संरक्षण क्षेत्र व्यवस्थापन गर्न राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिएको छ।

अत्यन्त सुन्दर प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न यस क्षेत्रमा करिब ७,००० स्थानीय गुरुङ (भोटिया) जातिहरूको बस्ती रहेको छ। उनीहरूको रहनसहन तिब्बती संस्कृतिसँग मिल्दोजुल्दो छ भने मुख्य पेशा पशुपालन तथा कृषिमा आधारित छ। हिउँदे मौसममा उनीहरू कामको खोजीमा तल्लो क्षेत्रमा झर्ने गर्दछन्।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| ५ | लिंक्स / फ्याकु विरालो | Lynx | *Felis lynx* |
| ६ | हिमाली खैरो भालु | Himalayan Brown Bear | *Ursus arctos* |
| ७ | नायन / अर्गली | Great Tibetan Sheep | *Ovis ammon* |
| ८ | असामी / पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ९ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |



# ३. कञ्चनजङ्घा संरक्षण क्षेत्र

**स्थापना: २०५४ साल (सन् १९९७)**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०५४।०४।०६**
**क्षेत्रफल: २,०३५ वर्ग कि.मि.**

यो संरक्षण क्षेत्र ताप्लेजुङ्ग जिल्लाको उत्तरतर्फका गाउँपालिकामा फैलिएको छ । अग्ला टाकुराहरू र ठूला हिमनदीहरूको निम्ति प्रख्यात कञ्चनजङ्घा क्षेत्रले दुर्लभ वन्यजन्तुको वासस्थान, विविध वनस्पति र जनजातिको सम्मिश्रण रहेको यस क्षेत्रको सीमाना मित्रराष्ट्र भारत र चीनसँगै जोडिएकोले सीमापार संरक्षण (Transboundary Conservation) का निम्ति पनि राम्रो अवसर प्रदान गर्दछ ।


विशिष्ट पारिस्थितिकीय प्रणाली र हिउँ चितुवा, कस्तुरी मृग, हिमाली भालु, ब्वाँसो जस्ता दुर्लभ वन्यजन्तुले यस क्षेत्रको महत्व बढाएका छन् । देशको सूदुरपूर्वोत्तर भागमा रहेको कञ्चनजङ्घा संरक्षण क्षेत्र प्रकृति संरक्षणको दृष्टिले निकै महत्वपूर्ण भू-भाग हो । पूर्वी नेपालमा प्रशस्त मात्रामा पानी पर्ने भएकाले यहाँको वातावरणमा निकै आद्रता पाइन्छ । उच्च भू-भागमा रहेको यस क्षेत्रका अनेकौं स्थलहरूमा पुग्न निकै कठिन छ । त्यसैले यस क्षेत्रको संरक्षण तथा व्यवस्थापन कठिन र चुनौतिपूर्ण रहँदै आएको छ ।

नेपाल सरकारले प्राकृतिक स्रोतहरुको संरक्षणका लागि उपभोक्ता समूह र स्थानीय जनसमुदायलाई नै संलग्न गराउँदै लैजाने नीति लिएकाले यहाँका स्थानीय जनतालाई प्रत्यक्षरुपमा संलग्न गराउन वन तथा भू-संरक्षण मन्त्रालयले कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषदलाई हस्तान्तरण गरेको छ । कञ्चनजङ्घा संरक्षण क्षेत्र स्थानीय समुदायहरुबाट व्यवस्थापन गरिएको एक मात्र संरक्षण क्षेत्र हो । स्थानीय समुदायहरुबाट व्यवस्थापन हुँदै आएको यो संरक्षण क्षेत्र नेपालमा मात्र नभई विश्वमा समेत नमूनाको रुपमा परिचित छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, डब्लु. डब्लु. एफ. नेपाल, स्थानीय सरकारी एवं गैरसरकारी संस्था तथा स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासमा कञ्चनजङ्घा संरक्षण क्षेत्रको जैविक विविधता संरक्षण तथा स्थानीय बासिन्दाहरूको सामुदायिक विकास र आय आर्जन गर्न विविध कार्यक्रमहरू संचालन गरिएका छन् ।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाव्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| ५ | आसामी/पहरे बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ६ | हिमाली खैरो भालु | Himalayan Brown Bear | *Ursus arctos* |
| ७ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |



# ४. अपि–नाम्पा संरक्षण क्षेत्र

**स्थापना: २०६७ साल (सन् २०१०)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०६७।०३।२८**
**क्षेत्रफलः १,९०३ वर्ग कि.मि.**

दार्चुला जिल्लाको उत्तरी क्षेत्रमा पर्ने अपि-नाम्पा संरक्षण क्षेत्रको पूर्वमा बझाङ जिल्ला, पश्चिममा महाकाली नदी उत्तरमा मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लास्कु खोला र नौगाड खोला रहेका छन्। प्राकृतिक स्रोत र जडीबूटीको संरक्षण तथा उपयोग गर्ने र पर्या-पर्यटन विकास गरी विकासका दृष्टिकोणले पछि परेको दार्चुला जिल्लाको उत्तरी क्षेत्रका १ न.पा. र ५ गा.पा. को समुच्च विकास गर्ने उद्देश्यले यसको घोषणा भएको छ।


२०६६ मंसिर १६ गते जलवायु परिवर्तनको सम्बन्धमा विश्व समुदायको ध्यानाकर्षण गर्न सगरमाथा राष्ट्रिय निकुञ्जको कालापत्थरमा मन्त्रिपरिषद्को बैठक बसेको थियो। सोही बैठकले यो संरक्षण क्षेत्रको घोषणा गरेको हो।

अपि-नाम्पा संरक्षण क्षेत्र जैविक विविधताको दृष्टिले अत्यन्तै महत्वपूर्ण र भरिपूर्ण छ। यस क्षेत्रमा अपि हिमाल (७,१३२ मि.), नाम्पा हिमाल (६,७५७ मि.), व्याँस हिमाल (६,६७० मि.) लगायत धेरै उच्च हिम शिखरहरू छन्। यस संरक्षण क्षेत्रको उचाई समुद्री सतहबाट ५३९ देखि ७,१३२ मिटरसम्म छ। भारत महादेश (Indian Plate) को उत्तरी किनारा तिब्बत महादेशसंग (Tibetean Plate) ठोकिनेक्रम अझै पनि जारी भएकोले यहाँका भू-भागहरू भिराला र गतिशील छन्। यहाँ सिस्ट, चुनढुंगा र सेडिमेण्ट जस्ता चट्टानहरू हुनाले वर्षातको समयमा पहिरो जाने प्रकृतिको भू-आकृति रहेको छ। यस क्षेत्रमा ग्रेनाइट (Granite), पेगमाटाइट (Pegmatite), फाइलाइट (Phylite) र क्वारजाइट (Quartzite) चट्टानहरू पनि पाइन्छन्।

यहाँ हिँउ चितुवा, ध्वाँसे चितुवा, कस्तुरी मृग, हाब्रे, रतुवा, घोरल, नाउर, झारल, चितुवा, बाँदर, हिमाली कालो भालु, स्याल, दुम्सी, ब्वाँसो, लंगुर, थार लगायतका वन्यजन्तु पाइन्छन्। यस्तै डाँफे, मोनाल, चीर, चिल, च्याखुरा, हलेसो, भ्याकुर लगायत २०० भन्दा बढी प्रजातिका पंक्षी पाइन्छन्। उत्तिस, बाँझ, गुराँस, गोब्रे सल्ला, खस्रु लगायत विभिन्न किसिमका वनले यो संरक्षण क्षेत्रका हरियाली रमणीय बनाएको छ।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| संरक्षित स्तनधारी वन्यजन्तु | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ध्वाँसे चितुवा | Clouded Leopard | *Pardofelis nebulosa* |
| संरक्षित पंक्षी | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |
| ३. | चीर कालिज | Cheer Pheasant | *Catreus wallichii* |



# ५. गौरीशंकर संरक्षण क्षेत्र

**स्थापनाः २०६६ साल (सन् २०१०)**
**राजपत्रमा सूचना प्रकाशित मितिः २०६६।०९।२७**
**क्षेत्रफलः २,१७९ वर्ग कि.मि.**

गौरीशंकर संरक्षण क्षेत्रको पूर्वमा सगरमाथा राष्ट्रिय निकुञ्ज, पश्चिममा लामटाङ्ग राष्ट्रिय निकुञ्ज र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ ।


गौरीशंकर संरक्षण क्षेत्रमा पाइने प्रमुख रुख प्रजातिहरू खोटे सल्लो, उत्तिस, कटुस,सौर, गोब्रे सल्लो, लाली गुराँस, खस्रु, फलाँट, तालिसपत्र, भोजपत्र र धूपी हुन् । यस क्षेत्रमा उपोष्णदेखि शीतोष्णसम्म गरी १६ प्रकारका वनहरू छन् जसमा ५६५ प्रजातिका वनस्पतिहरू अभिलेख गरिएका छन् । यहाँ पाइने मुख्य गैरकाष्ठ वन पैदावारहरूमा चिराइतो, सुनाखरी, मजिठो, वन करेला, अल्लो, लोक्ता, अर्गेली, इन्द्रेणी, जटामसी, पाँच औंले, कुट्की, पदमचाल, बिषमा, भ्याउ, धूपी, सुनपाती आदि रहेका छन् ।

समुद्रको सतहदेखि ९६८ मिटरबाट ७,१८१ मिटर उँचाईसम्म रहेको यो संरक्षण क्षेत्र वन्यजन्तुका दृष्टिकोणले निकै महत्वपूर्ण छ । संरक्षित वन्यजन्तुको सूचीमा रहेका र लोपोन्मुख अवस्थामा पुगेका हिँउ चितुवा, कस्तुरी मृग, हाब्रे, ब्वाँसो, ध्वाँसे चितुवा, सालक, चरी बाघ, डाँफे, मुनाल सहित यस संरक्षण क्षेत्रमा ३४ प्रजातिका स्तनधारी वन्यजन्तु, २३५ प्रजातिका पंक्षी, १६ प्रजातिका माछा, ९ प्रजातिका उभयचर र १४ प्रजातिका सरीसृपहरू पाइन्छन् । यहाँ ढुंगा र तामा खानीहरू पनि पाइन्छन् । गौरीशंकर संरक्षण क्षेत्र पर्यटकीय तथा जलस्रोतका दृष्टिले पनि विशेष महत्वपूर्ण मानिन्छ । गौरीशंकर हिमाललाई समेटेको यस संरक्षण क्षेत्रभित्र माथिल्लो तामाकोशी, भोटेकोशी, खिम्ती, सुनकोशी आदि नदीहरू पर्दछन् । च्छ्यो रोल्पा ताल, दूध पोखरी, पाँच पोखरी, जटा पोखरी, भैरव कुण्ड र बहुला पोखरी जस्ता प्रख्यात क्षेत्र पनि यसैभित्र पर्दछन् ।

गौरीशंकर संरक्षण क्षेत्रमा प्राकृतिक वनको अवस्था राम्रो छ । यस क्षेत्रको ३४.९८ प्रतिशत भाग वनजङ्गल, ९.८ प्रतिशत भाग बूट्यान र ८.६१ प्रतिशत भाग घाँसे मैदान/चरन क्षेत्रले ढाकेको छ । यस क्षेत्र नेपाल सरकारले बीस वर्षका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई व्यवस्थापन गर्न दिएको छ ।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | हाब्रे | Red Panda | *Ailurus fulgens* |
| २ | कस्तुरी मृग | Musk Deer | *Moschus chrysogaster* |
| ३ | हिउँ चितुवा | Snow Leopard | *Panthera uncia* |
| ४ | ब्वाँसो | Gray Wolf | *Canis lupus* |
| ५ | सालक | Pangolin | *Manis pantadactyla* |
| ६ | आसामी बाँदर | Assamese Monkey | *Macaca assamensis* |
| ७ | ध्वाँसे चितुवा | Clouded Leopard | *Pardofelis nebulosa* |
| **संरक्षित पंक्षी** | | | |
| १. | डाँफे | Impeyan Pheasant | *Lophophorus impejanus* |
| २. | मुनाल | Crimson Horned Pheasant | *Tragopan satyra* |



# ६. कृष्णसार संरक्षण क्षेत्र

**स्थापना: २०६५ साल (सन् २००९)**
**राजपत्रमा सूचना प्रकाशित मिति: २०६५।१२।०३**
**क्षेत्रफल: १६.९५ वर्ग कि.मि.**

बर्दिया जिल्लाको खैरापुर क्षेत्रमा प्राकृतिक अवस्थामा रहेको नेपालका लागि दुर्लभ वन्यजन्तु कृष्णसारको संरक्षणका लागि गुलरिया नगरपालिका अन्तर्गतको १६.९५ वर्ग कि.मि. क्षेत्रलाई नेपाल सरकारले २०६५ फागुन २३ गते कृष्णसार संरक्षण क्षेत्रको रूपमा घोषणा गरिएको हो । कूल क्षेत्रफलमध्ये कृष्णसारको बासस्थान क्षेत्र ५.२७ वर्ग कि.मि. र वरिपरिको प्रभावित क्षेत्र ११.६८ वर्ग कि.मि. रहेको छ ।


वि.सं. २०३१ अर्थात चालीसको दशकमा बाँके, बर्दिया जिल्ला लगायत समग्र नेपालबाटै कृष्णसार लोप भइसकेको आशंका गरिएको थियो । बर्दिया वन्यजन्तु आरक्ष (हाल बर्दिया राष्ट्रिय निकुञ्ज) घोषणा भइसकेपछि २०३२ आश्विनमा बाँके बर्दियामा कृष्णसार बाँकी छन् कि भन्नेबारे खोजी गरियो। त्यसबेला बर्दिया जिल्लाको खैरी पण्डितपुरको जंगल किनार आवादी क्षेत्रमा एउटा सिङ भाँचिएको एक बूढो भाले, एउटा वयस्क भाले, तीन वटा पोथी र चार बच्चाहरूसमेत जम्मा ९ वटा कृष्णसार फेला परे । यसरी फेला परेका कृष्णसारको पूर्ण संरक्षणको लागि तत्कालै वन विभागको टोली खटायो। तत्कालिन वन विभागदेखि जिल्ला वन कार्यालय बर्दिया राष्ट्रिय निकुञ्ज, स्थानीय प्रशासन, जिल्ला विकास समिति गुलरिया नगरपालिका र स्थानीय बासिन्दाहरुको संरक्षणमा सामूहिक प्रयासले कृष्णसारको संख्यामा वृद्धि भई २०७५ साल पौष महिनासम्ममा १८७ पुगेको छ ।

कृष्णसार खुला घाँसे मैदान अर्थात दुबो र काँसको मैदानमा बस्न रुचाउँछ। त्यसैले आवादी छेउमा घरपालुवा जनावर गाई, भैंसी, भेडा बाखाहरू सँगसँगै चर्ने र बस्ने गर्दछ ।

कृष्णसारको दिगो संरक्षणको लागि चरीचरन र भुस्याहा कुकुर नियन्त्रण गर्न १०.२५ कि.मि  जालीदार तारवार लगाइएको छ। प्राकृतिक प्रकोप (बाढी) जोखिम न्यूनीकरण गर्नको लागि मुख्य बासस्थानमा ५ वटा उच्चस्थलीहरु निर्माण गरिएका छन्। यो कार्य वन्यजन्तु संरक्षणमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरणको नेपालमा नै पहिलो सफल कार्य हो ।

यस संरक्षण क्षेत्रमा पाइने संरक्षित वन्यजन्तु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| **संरक्षित स्तनधारी वन्यजन्तु** | | | |
| १ | कृष्णसार | Black Buck | *Antilope cervicapra* |
| २ | हुंडार | Hyaena | *Hyaena hyaena* |
| **संरक्षित घस्रने वन्यजन्तु** | | | |
| १. | अजिङ्गर | Asiatic Rock Python | *Python molurus* |
| २. | सुनगोहोरो | Golden Monitor Lizard | *Varanus flavescens* |



# अनुसूची १

## नेपालका संरक्षित क्षेत्रहरूको विवरण

| क्र.सं. | राष्ट्रिय निकुञ्ज | स्थापना वर्ष (वि.सं.) | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १. | चितवन राष्ट्रिय निकुञ्ज | २०३० | ९५२.६३ | २०३०।०६।०४ गतेको राजपत्र अनुसार ९३२ वर्ग कि.मि क्षेत्रफल कायम भएकोमा मिति २०७३।०७।०१ गतेको राजपत्रको सूचना अनुसार चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रफल ९५२.६३ वर्ग कि.मि. कायम भएको । |
| २. | लामटाङ्ग राष्ट्रिय निकुञ्ज | २०३२ | १७१० | २०३२।१२।०९ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ३. | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३२ | ११४८ | २०३३।०४।०४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ४. | रारा राष्ट्रिय निकुञ्ज | २०३२ | १०६ | २०३४।०४।२४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ५. | बर्दिया राष्ट्रिय निकुञ्ज | २०३२ | ९६८ | २०३२।११।२५ गतेको राजपत्रको सूचना अनुसार शाही कर्णाली शिकार आरक्ष रुपमा घोषणा गरिएको ।<br>२०४१।०५।११ गतेको राजपत्रको सूचना अनुसार शाही बर्दिया वन्यजन्तु आरक्षको रुपमा नामाकरण भएको ।<br>२०४५।०८।२० गतेको राजपत्रको सूचना अनुसार शाही बर्दिया राष्ट्रिय निकुञ्जको रुपमा नामाकरण भई क्षेत्रफल ९६८ वर्ग कि.मि. कायम भएको । |
| ६. | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २०४० | ३५५५ | २०४१।०४।२२ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |

| क्र.सं. | राष्ट्रिय निकुञ्ज | स्थापना वर्ष (वि.सं.) | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| ७. | खप्तड राष्ट्रिय निकुञ्ज | २०४२ | २२५ | २०४३।०३।०९ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ८. | मकालुवरुण राष्ट्रिय निकुञ्ज | २०४८ | १५०० | २०४८।०८।०२ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| ९. | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | २०५८ | १५९ | २०५८।११।०६ गतेको राजपत्रको सूचना अनुसार यस निकुञ्जको क्षेत्रफल १४५ वर्ग कि.मि. रहेकोमा २०६५।११।१२ गतेको राजपत्रको सूचना अनुसार यस निकुञ्जको क्षेत्रफल १५९ वर्ग कि.मि. कायम भएको । |
| १०. | बाँके राष्ट्रिय निकुञ्ज | २०६७ | ५५० | २०६७।०३।२८ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ११. | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | २०३१ | ३०५ | २०३३।०४।०४ गतेको राजपत्रको सूचना अनुसार शुक्लाफाँटा वन्यजन्तु आरक्षको रुपमा घोषणा भएकोमा २०७३।११।०९ गतेको राजपत्रको सूचना अनुसार राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरिएको । |
| १२. | पर्सा राष्ट्रिय निकुञ्ज | २०४० | ६२७.३९ | २०४१।०२।०८ गतेको राजपत्रको सूचना अनुसार पर्सा वन्यजन्तु आरक्षको रुपमा घोषणा भएकोमा २०७४।३।१९ गतेको राजपत्रको सूचना अनुसार राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरिएको । |
| | **जम्मा** | | **११,८०६.०२** | |

| क्र.सं. | वन्यजन्तु आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १. | कोशी-टप्पु वन्यजन्तु आरक्ष | २०३२ | १७५ | २०३६।११।१३ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| | **जम्मा** | | **१७५** | |

| क्र.सं. | शिकार आरक्ष | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १. | ढोरपाटन शिकार आरक्ष | २०४४ | १३२५ | २०४४।०१।१४ गतेको राजपत्रमा सूचना प्रकाशित भएको । |
| | **जम्मा** | | **१३२५** | |

| क्र.सं. | संरक्षण क्षेत्र | स्थापना वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १. | अन्नपूर्ण संरक्षण क्षेत्र | २०४९ | ७६२९ | २०४९।०४।०५ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| २. | कञ्चनजङ्घा संरक्षण क्षेत्र | २०५४ | २०३५ | २०५४।०४।०६ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ३. | मनास्लु संरक्षण क्षेत्र | २०५५ | १६६३ | २०५५।०९।१३ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ४. | कृष्णसार संरक्षण क्षेत्र | २०६५ | १६.९५ | २०६५।१२।०३ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ५. | गौरीशंकर संरक्षण क्षेत्र | २०६६ | २१७९ | २०६६।०९।२७ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ६. | अपि-नाम्पा संरक्षण क्षेत्र | २०६७ | १९०३ | २०६७।०३।२८ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| | **जम्मा** | | **१५४२५.९५** | |

| क्र.सं. | मध्यवर्ती क्षेत्र | घोषित वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १. | चितवन राष्ट्रिय निकुञ्ज | २०५३ | ७२९.३७ | २०५३।०८।१७ गतेको राजपत्र अनुसार चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७५० वर्ग कि.मि. घोषणा गरिएकोमा २०७३।०७।०१ गतेको राजपत्र अनुसार सो क्षेत्रको क्षेत्रफल ७२९.३७ वर्ग कि.मि. कायम गरिएको । |
| २. | लामटाङ्ग राष्ट्रिय निकुञ्ज | २०५५ | ४२० | २०५५।०१।१४ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |

| क्र.सं. | मध्यवर्ती क्षेत्र | घोषित वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| ३. | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०५८ | २७५ | २०५८।०९।१७ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ४. | रारा राष्ट्रिय निकुञ्ज | २०६३ | १९८ | २०६३।०६।०९ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ५. | बर्दिया राष्ट्रिय निकुञ्ज | २०५३ | ५०७ | २०५३।०८।१७ गतेको राजपत्र अनुसार बर्दिया राष्ट्रिय निकुञ्जको वरिपरीको ३२७ वर्ग कि.मि. क्षेत्रफल भएको क्षेत्रलाई बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरिएकोमा २०६७।०४।३१ गतेको राजपत्र अनुसार सो मध्यवर्ती क्षेत्र विस्तार गरी ५०७ वर्ग कि.मि. कायम गरिएको । |
| ६. | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | २०५५ | १३४९ | २०५५।०७।०२ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ७. | खप्तड राष्ट्रिय निकुञ्ज | २०६३ | २२५ | २०६३।०७।१३ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ८. | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज | २०७२ | ११८.६१ | २०७२।१२।१५ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ९. | बाँके राष्ट्रिय निकुञ्ज | २०६७ | ३४३ | २०६७।०३।२८ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| १०. | मकालु वरुण राष्ट्रिय निकुञ्ज | २०५५ | ८३० | २०५५।१०।२५ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| ११. | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | २०६१ | २४३.५ | २०६१।०२।०९ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |

| क्र.सं. | मध्यवर्ती क्षेत्र | घोषित वर्ष | क्षेत्रफल (वर्ग कि.मि.) | राजपत्र अनुसार घोषणा विवरण |
|---|---|---|---|---|
| १२. | पर्सा राष्ट्रिय निकुञ्ज | २०६२ | २८५.३ | २०६२।०३।१३ गतेको राजपत्र अनुसार घोषणा भएको र २०७२।०५।०७ गतेको राजपत्र अनुसार मध्यवर्ती क्षेत्रको सीमाना हेरफेर भई पर्सा वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रको क्षेत्रफल २८५.३ वर्ग कि.मि. कायम भएको । |
| १३. | कोशीटप्पू वन्यजन्तु आरक्ष | २०६१ | १७३ | २०६१।०५।१४ गतेको राजपत्र अनुसार घोषणा गरिएको । |
| | **जम्मा** | | **५,६८७.७८** | |
| **कूल जम्मा क्षेत्रफल (वर्ग कि.मि.)** | | | **३४,४१९.७५** | |

## रामसार साइटमा सूचीकृत नेपालका सिमसार क्षेत्रहरु :

| क्र.सं. | नाम | क्षेत्रफल (हे) | सूचीकृत मिति (ईस्वी सम्वत) | जिम्मेवार स्थानीय व्यवस्थापन निकाय |
|---|---|---|---|---|
| १ | कोशी-टप्पू | १७५०० | १९८७-१२-१७ | कोशीटप्पु वन्यजन्तु आरक्ष |
| २ | बीस हजारी तथा आसपासका तालहरु | ३२०० | २००३-०८-१३ | चितवन राष्ट्रिय निकुञ्ज, चितवन |
| ३ | घोडाघोडी ताल क्षेत्र | २५६३ | २००३-०८-१३ | जिल्ला वन कार्यालय, कैलाली |
| ४ | जगदीशपुर जलाशय | २२५ | २००३-०८-१३ | जिल्ला वन कार्यालय कपिलवस्तु |
| ५ | रारा ताल | १५८३ | २००७-०९-२३ | रारा राष्ट्रिय निकुञ्ज |
| ६ | फोक्सुण्डो ताल | ४९४ | २००७-०९-२३ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज |
| ७ | गोसाईकुण्ड तथा आसपासका तालहरु | १०३० | २००७-०९-२३ | लाङटाङ्ग राष्ट्रिय निकुञ्ज |
| ८ | गोक्यो तथा आसपासका तालहरु | ७७७० | २००७-०९-२३ | सगरमाथा राष्ट्रिय निकुञ्ज |

| क.सं. | नाम | क्षेत्रफल (हे) | सूचीकृत मिति (ईस्वी सम्वत) | जिम्मेवार स्थानीय व्यवस्थापन निकाय |
| --- | --- | --- | --- | --- |
| ९ | माई पोखरी | ९० | २००८-१०-२८ | जिल्ला वन कार्यालय, इलाम |
| १० | पोखरा उपत्यका (Pokhara valley Lake cluster) तालहरु | २६१०६ | २०१६-०२-०२ | जिल्ला समन्वय समिति, कास्की<br>डिभिजन वन कार्यालय, कास्की |
| | **जम्मा क्षेत्रफल** | **६०,५६१** | | |

- सन् १९७९ मा सगरमाथा राष्ट्रिय निकुञ्ज र सन् १९८४ मा चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत छन् ।
- सन् २०११ मा South Asia Wildlife Enforcement Network (SAWEN) को स्थापना भई दक्षिण एसियाका आठ वटा देशमा वन्यजन्तुको अपराध नियन्त्रण गर्ने कार्यमा समन्वय र सहकार्य हुँदै आएको छ ।
- सन् १९८८ अप्रिल १७ मा नेपाल रामसार महासन्धीको पक्ष राष्ट्र भएको ।
- सन् १९७५ मा नेपाल CITES (Convention on International Trade in Endangered species of Wild Founa and Flora) को सदस्य भएको ।
- सन् १९७५ मा नेपाल IUCN (International Union for Conservation of Nature) को सदस्य भएको ।
- सन् १९७८ मा नेपाल UNESCO/WHS (United Nations Educational Scientific and Cultural Organization/World Heritage Site) को सदस्य भएको ।
- सन् १९९२ मा नेपाल CBD (Convention on Biological Diversity) को सदस्य भएको ।
- सन् १९९४ मा नेपाल GTF (Global Tiger Forum) को सदस्य भएको ।
- सन् २०१४ मा नेपाल APAP (Aisa Protected Areas Partnership) को सदस्य भएको ।

# अनुसूची २

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १० को अनुसूची १ मा रहेका संरक्षित वन्यजन्तु

# संरक्षित वन्यजन्तु

### संरक्षित स्तनधारी वन्यजन्तु

| | | |
|---|---|---|
| १. | आसामी बाँदर | *(Macaca assamensis)* |
| २. | सालक | *(Manis pentadactyla) / (Manis crassicaudata)* |
| ३. | हिस्पिड खरायो | *(Caprolagus hispidus)* |
| ४. | सोंस | *(Platanista gangetica)* |
| ५. | ब्वाँसो | *(Canis lupus)* |
| ६. | हिमाली खैरो भालु | *(Ursus arctos)* |
| ७. | हाब्रे | *(Ailurus fulgens)* |
| ८. | लिङसाङ्ग / सिलु | *(Prionodon pardicolor)* |
| ९. | चरी बाघ | *(Prionailurus bengalensis)* |
| १०. | लिंक्स | *(Felis lynx)* |
| ११. | ध्वाँसे चितुवा | *(Pardofelis nebulosa)* |
| १२. | बाघ | *(Panthera tigris)* |
| १३. | हिउँ चितुवा | *(Panthera uncia)* |
| १४. | जङ्गली हात्ती | *(Elephas maximus)* |
| १५. | एक सिङ्गे गैंडा | *(Rhinoceros unicornis)* |
| १६. | पुड्के बँदेल | *(Sus salvanius)* |
| १७. | कस्तुरी मृग | *(Moschus chrysogaster)* |
| १८. | बाह्रसिङ्गा | *(Cervus duvauceli)* |
| १९. | गौरीगाई | *(Bos gaurus)* |
| २०. | जङ्गली याक | *(Bos mutus)* |
| २१. | अर्ना | *(Bubalus arnee)* |
| २२. | नायन | *(Ovis ammon)* |

| | | |
|---|---|---|
| २३. | चिरू | *(Pantholops hodgsoni)* |
| २४. | कृष्णसार | *(Antilope cervicapra)* |
| २५. | चौका | *(Tetracerus quadricornis)* |
| २६. | हुँडार | *(Hyaena hyaena)* |

## संरक्षित पंक्षी

| | |
|---|---|
| १. कालो गरुड | *(Ciconia nigra)* |
| २. सेतो गरुड | *(Ciconia ciconia)* |
| ३. सारस | *(Grus antigone)* |
| ४. चीर कालिज | *(Catreus wallichii)* |
| ५. डाँफे | *(Lophophorus impejanus)* |
| ६. मोनाल | *(Tragopan satyra)* |
| ७. ठूलो खरमुजूर | *(Houbaropsis bengalensis)* |
| ८. सानो खर मुजूर | *(Sypheotides indica)* |
| ९. राज धनेश | *(Buceros bicornis)* |

## संरक्षित घस्रने वन्यजन्तु

| | |
|---|---|
| १. अजिङ्गर | *(Python molurus)* |
| २. घडियाल गोही | *(Gavialis gangeticus)* |
| ३. सुन गोहोरो | *(Varanus flavescens)* |

श्रोत: रा.नि. तथा व.ज.सं.ऐन, २०२९

# केही संरक्षित वन्यजन्तु

## संरक्षित स्तनधारी वन्यजन्तु



नेपाली नाम: हिंउ चितुवा
अंग्रेजी नाम: Snow Leopard
वैज्ञानिक नाम: *Panthera uncia*




नेपाली नाम: हात्ती
अंग्रेजी नाम: Asian Elephant
वैज्ञानिक नाम: *Elephas maximus*



नेपाली नामः कृष्णसार
अंग्रेजी नामः Black Buck
वैज्ञानिक नामः *Antilope cervicapra*



नेपाली नामः एक सिङ्गे गैंडा
अंग्रेजी नामः One Horned Rhino
वैज्ञानिक नामः *Rhinoceros unicornis*

फोटोः सागर गिरी




नेपाली नामः चरी बाघ
अंग्रेजी नामः Leopard Cat
वैज्ञानिक नामः *Prionailurus bengalensis*




नेपाली नामः आसामी बाँदर/पहरे बाँदर
अंग्रेजी नामः Assamese Monkey
वैज्ञानिक नामः *Macaca assamensis*



नेपाली नामः गौरीगाई
अंग्रेजी नामः Gaur
वैज्ञानिक नामः *Bos gaurus*



नेपाली नामः अर्ना
अंग्रेजी नामः Wild Water Buffalo
वैज्ञानिक नामः *Bubalus arnee*



नेपाली नाम: बाह्रसिङ्गा
अंग्रेजी नाम: Swamp Deer
वैज्ञानिक नाम: *Cervus duvauceli*



नेपाली नाम: पाटेबाघ
अंग्रेजी नाम: Royal Bengal Tiger
वैज्ञानिक नाम: *Panthera tigris*



नेपाली नाम: जंगली याक

अंग्रेजी नाम: Wild Yak

वैज्ञानिक नाम: *Bos mutus*



नेपाली नाम: कस्तुरी मृग

अंग्रेजी नाम: Musk Deer

वैज्ञानिक नाम: *Moschus chrysogaster*



नेपाली नाम: हाब्रे

फोटो: अविनाश थापा

अंग्रेजी नाम: Red Panda

वैज्ञानिक नाम: *Ailurus fulgens*




नेपाली नाम: ध्वासें चितुवा

अंग्रेजी नाम: Clouded Leopard

वैज्ञानिक नाम: *Pardofelis nebulosa*




नेपाली नामः हिस्पिड खरायो

अंग्रेजी नामः Hispid Hare

वैज्ञानिक नामः *Caprolagus hispidus*



फोटोः अम्बिकाप्रसाद खतिवडा
BCP/NTNC

नेपाली नामः सालक

अंग्रेजी नामः Pangolin

वैज्ञानिक नामः *Manis pantadactyla*



नेपाली नामः डल्फिन (सोंस)
अंग्रेजी नामः Ganges River Dolphin
वैज्ञानिक नामः *Platanista gangetica*

फोटोः शैलेन्द्रकुमार यादव
BCP/NTNC



नेपाली नामः चौका
अंग्रेजी नामः Four Horned Antelope
वैज्ञानिक नामः *Tetraceros quadricornis*

फोटोः शैलेन्द्रकुमार यादव
BCP/NTNC



नेपाली नाम: हुँडार

अंग्रेजी नाम: Striped Hyaena

वैज्ञानिक नाम: *Hyaena hyaena*

फोटोः शैलेन्द्रकुमार यादव
BCP/NTNC



नेपाली नाम: नायन

अंग्रेजी नाम: Great Tibetan Sheep

वैज्ञानिक नाम: *Ovis ammon*

फोटोः मधु क्षेत्री




नेपाली नामः ब्वांसो
अंग्रेजी नामः Gray Wolf
वैज्ञानिक नामः *Canis lupus*



नेपाली नामः हिमाली खैरो भालु
फोटोः मधु क्षेत्री
अंग्रेजी नामः Himalayan Brown Beer
वैज्ञानिक नामः *Ursus arctus*



फोटोः प्रकृतिका साथीहरु

नेपाली नामः लिङसाङ्ग/सिलु

अंग्रेजी नामः Spotted Linsang

वैज्ञानिक नामः *Prionodon pardicolor*

## संरक्षित सरिसृप



नेपाली नाम: सुनगोहोरो
अंग्रेजी नाम: Golden Monitor Lizard
वैज्ञानिक नाम: *Varanus flavescens*



नेपाली नाम: घडियाल गोही
अंग्रेजी नाम: Gharial Crocodile
वैज्ञानिक नाम: *Gavialis gangeticus*



नेपाली नामः अजिङ्गर
अंग्रेजी नामः Asiatic Rock Python
वैज्ञानिक नामः *Python molurus*

# संरक्षित पंक्षी



नेपाली नामः खरमयुर
अंग्रेजी नामः Bengal Florican
वैज्ञानिक नामः *Houbaropsis bengalensis*



फोटो : नेपाल पंक्षी संरक्षण संघ

नेपाली नामः ठूलो धनेश
अंग्रेजी नामः Gaint Hornbill
वैज्ञानिक नामः *Buceros bicornis*



नेपाली नाम: डाँफे

फोटो : नेपाल पंक्षी संरक्षण संघ

अंग्रेजी नाम: Impeyan Pheasant

वैज्ञानिक नाम: *Lophophorus impejanus*



नेपाली नाम: सारस

फोटो : नेपाल पंक्षी संरक्षण संघ

अंग्रेजी नाम: Sarus Crane

वैज्ञानिक नाम: *Grus antigone*



नेपाली नामः मुनाल

फोटो : Manshanta Ghimire

अंग्रेजी नामः Crimson Horned Pheasant

वैज्ञानिक नामः *Tragopan satyra*



नेपाली नामः सेतो गरुड

फोटो : नेपाल पंक्षी संरक्षण संघ

अंग्रेजी नामः White Stork

वैज्ञानिक नामः *Ciconia ciconia*



नेपाली नाम: कालो गरुड

अंग्रेजी नाम: Black Stork

वैज्ञानिक नाम: *Ciconia nigra*

फोटो : नेपाल पंक्षी संरक्षण संघ




नेपाली नाम: चीर कालीज

अंग्रेजी नाम: Cheer Pheasant

वैज्ञानिक नाम: *Catreus wallichii*

फोटो : Gunjan Arora



फोटो : नेपाल पंक्षी संरक्षण संघ

नेपाली नामः सानो खर मयुर

अंग्रेजी नामः Lesser Florican

वैज्ञानिक नामः *Sypheotides indica*




## संरक्षण शिक्षा शाखा

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौंद्वारा प्रकाशित, फोनः ४२२०९१२, ४२२७९२६, ४२२०८५०
फ्याक्सः ९७७-१-४२२७६७५, पो.ब.नं. ८६०, काठमाडौं, नेपाल
ई-मेल : info@dnpwc.gov.np
वेभसाईट : www.dnpwc.gov.np